‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २३४ ★ ने. सं. ११४६ ञला थ्व, तृतीया ★ सोमबार ★ २९ भदौ, २०८३ ★ September 14, 2026, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## जनताको हितको निम्ति काम गर्नेबाहेक अरु उद्देश्य राखेर हामीले कहिल्यै राजनीति गरेनौँ : अध्यक्ष रोहित




भक्तपुर, २८ भदौ । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले सङ्कटको बेला विदेशी सरकार र संस्थाहरूसँग सहयोग लिनुभन्दा नेपाली जनतासँग सहयोग लिनु राजनीतिक दृष्टिले सही हुने बताउनुभएको छ ।

कानुन अध्ययन समाज नेपालद्वारा आइतबार आयोजित ‘भदौ ९, २०४५, भक्तपुर काण्ड पञ्चायती राज्यस्तरको षड्यन्त्रविरुद्ध कानुन व्यवसायीको भूमिका विषयक अन्तरक्रिया तथा सम्मान कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष बिजुक्छेँले भक्तपुर काण्डको राजनीतिक सङ्कटको अवस्थामा देशका धेरै वकिल, पत्रकार र बुद्धिजीवीहरूले नेमकिपालाई कानुनी प्रतिवाद गर्न र अन्य कार्यमा ठुलो सहयोग मिलेको स्मरण गर्नुभयो ।

उहाँले आफ्नो दस वर्ष लामो अवधिसम्म भारतमा निर्वासनमा बस्दा कहिल्यै भारत सरकारसित एक गेडा अन्न र एक रुपैयाँ सहयोग नलिएको प्रस्ट पार्नुभयो ।

पञ्चायती व्यवस्थाभित्र पसेर पञ्चहरूको अक्षमता उदाङ्गो हुने गरी काम गरेको र राष्ट्रिय पञ्चायतमा आवाज उठाएको हुनाले नेमकिपाविरुद्ध राज्यस्तरको षडयन्त्र भएको र हिरासतमा अमानवीय यातना दिएको बताउँदै उहाँले २०४६ सालको जनआन्दोलनबाट पञ्चायतको अन्त्य नभएको भए भक्तपुर काण्डको अभियोग झूटो साबित भए पनि अरु अभियोग लगाएर जेलमै राखिने थियो भन्नुभयो ।

पञ्चायत कालमा र बहुदलीय व्यवस्था स्थापनापछि पनि पुँजीवादी सरकारमा जाने वा सुविधा लिने नीति नलिएको प्रस्ट पार्दै अध्यक्ष रोहितले भन्नुभयो, “जनताको हितको निम्ति काम गर्नेबाहेक अरु उद्देश्य राखेर हामीले कहिल्यै राजनीति गरेनौँ, जेलनेल भोगेको भनेर हामीले कुनै सरकारी सहयोग वा सुविधा लिएनौँ ।”

सम्मानित व्यक्तित्व एवं वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीबारे योगदानबारे छर्लङ्ग पार्दै उहाँले भन्नुभयो, अधिवक्ताको रूपमा भण्डारीले अन्यायमा परेकाहरूको निम्ति बहस पैरवी गर्नुका साथै राजनीतिक नेता-कार्यकर्ताहरूका निम्ति भरपर्दो कानुनी सल्लाहकारको भूमिका निर्वाह गर्नुभएको थियो ।

वरिष्ठ अधिवक्ता भण्डारी बृहत् प्रजातान्त्रिक दृष्टिकोण भएको व्यक्ति भएको बताउँदै उहाँले भण्डारीले बहुदलीय प्रजातन्त्र पुन:स्थापनापछि रामराजा प्रसाद सिंहलाई आममाफी दिलाई देशमा भित्र्याउन पहल गरेको बताउनुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर काण्ड पञ्चहरूले चलाएको राज्यआतङ्क भएको बताउँदै त्यतिबेला पक्राउमा परेका जनताका नेता-कार्यकर्ताहरूको मौलिक हक कल्पना बाहिरको स्थिति बनेको बताउनुभयो ।

त्यतिबेला राज्य षड्यन्त्र उदाङ्गो पार्न र नेमकिपाका नेता कार्यकर्ताहरूलाई निर्दोष पुष्टि गर्न कानुन व्यवसायीहरूले नि:स्वार्थ रूपमा गरेको सहयोग अविस्मरणीय रहेको बताउनुभयो ।

*बाँकी पृष्ठ २ मा*

## ब्रिक्सको प्रभाव र सहकार्य विस्तार गर्न राष्ट्रपति सीद्वारा पाँच प्रस्ताव

नयाँ दिल्ली, २८ भदौ (सिन्ह्वा) । चिनियाँ राष्ट्रपति सी चीनफिङले कृत्रिम बुद्धिमत्ता (एआई), व्यापार तथा लगानी सहजीकरण, डिजिटल उद्योग, स्मार्ट उत्पादन तथा प्रतिभा विकासका क्षेत्रमा ‘विस्तारित ब्रिक्स’ सहकार्यका लागि पाँचवटा महत्त्वपूर्ण पहल प्रस्ताव गर्नुभएको छ ।

नयाँ दिल्लीमा आयोजित ब्रिक्स शिखर सम्मेलनको दोस्रो दिन सम्बोधन गर्दै राष्ट्रपति सीले ‘विस्तारित ब्रिक्स’ ले विश्वमा अझ प्रभावकारी भूमिका निर्वाह गर्दै थप विकास हासिल गर्नुपर्ने तथा व्यावहारिक सहकार्यका लागि बलियो आधार निर्माण गर्नुपर्नेमा जोड दिनुभएको छ ।

उहाँले उदीयमान बजारमा आधारित तथा ग्लोबल साउथसँग निकट रूपमा जोडिएको आफ्नो विशेषतालाई ‘विस्तारित ब्रिक्स’ ले प्रभावकारी रूपमा उपयोग गर्नुपर्ने बताउनुभयो । साथै, पारस्परिक लाभ र साझा जितका लागि खुलापन तथा सहकार्यलाई निरन्तरता दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

राष्ट्रपति सीले औद्योगिक तथा आपूर्ति शृङ्खलालाई स्थिर र निर्बाध राख्दै एकीकृत बजारको विकासलाई प्रवर्द्धन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँका अनुसार ‘विस्तारित ब्रिक्स’ ले नवप्रवर्तनका लागि इन्क्युबेटर स्थापना गर्ने, परम्परागत उद्योगको स्तरोन्नति गर्ने, उदीयमान उद्योगको विकास गर्ने तथा भविष्यका उद्योगका लागि दूरदर्शी योजना निर्माण गर्न आवश्यक छ ।

उदीयमान प्रविधिले साझा समृद्धितर्फ अघि बढ्ने मार्गलाई उज्यालो बनाउन सक्ने उल्लेख गर्दै राष्ट्रपति सीले प्रविधि, नवप्रवर्तन र प्रतिभा विकासमा आधारित सहकार्यलाई थप सुदृढ गर्न आह्वान गर्नुभएको छ ।

## कीर्तिपुरमा भक्तपुर काण्डको भर्त्सना

काठमाडौँ, २८ भदौ । नेपाल मजदुर किसान पार्टी कीर्तिपुर नगर समितिको आयोजनामा तत्कालीन पञ्चायती राज्यस्तरद्वारा रचित षड्यन्त्र भक्तपुर काण्डको भर्त्सना एवम् विरोध कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले देश र जनताको नि:स्वार्थ सेवा गर्दै आएको हुँदा यसका नेता-कार्यकर्ताविरूद्ध राज्यस्तरको षड्यन्त्र भइरहेको र २०४५ भदौ ९ गतेको भक्तपुर काण्ड पञ्चायती राज्यस्तरको षड्यन्त्र हो भन्नुभयो ।

उहाँले भन्नुभयो, “२०३५ सालमा भारत प्रवासको बेला पार्टी अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) विरूद्ध गोरखपुरमा गोली हानी हत्या गर्ने षड्यन्त्र भएको र उक्त षड्यन्त्रमा घाइते हुनुभएका अध्यक्षको शरिरमा अहिले पनि गोली बाँकी रहेको छ ।”

पार्टीका पूर्वकेन्द्रीय सदस्य श्रीकृष्ण महर्जनले भक्तपुर काण्डमा कीर्तिपुरमा धरपकड गर्नु षड्यन्त्रको पुष्टि भएको भन्दै कीर्तिपुरको तत्कालीन अवस्थाबारे बताउनुभयो ।

नेमकिपा काठमाडौँ जिल्ला समितिका सहकोषाध्यक्ष हरिशरण श्रेष्ठले जर्मनको राइख्स्ताग काण्ड र भक्तपुर काण्डको प्रवृत्ति कम्युनिस्टविरोधी षड्यन्त्र हो भन्नुभयो ।

*बाँकी पृष्ठ २ मा*

## ४६ औँ त:मुंज्याको लागि व्यवसायीहरूसँग छलफल सम्पन्न

भक्तपुर, २८ भदौ । ४६ औँ नेपालभाषा साहित्य त:मुंज्या भव्य र सभ्य तरिकाले सम्पन्न गर्नको लागि आयोजक समितिले आइतबार स्थानीय व्यवसायीहरूको एक छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सभा सदस्य सुरेन्द्रराज गोसाईले नेपालभाषा साहित्य त:मुंज्या जनताको दबु भएकोले जनताको सहयोगबाटै निरन्तर चालिरहेको उल्लेख गर्दै एनजीओ तथा आइएनजीओको सहयोगमा चल्दा हाम्रो मौलिकता, अस्तित्व र नैतिकता नै धरापमा पर्ने बताउनुभयो । काम गरिखाने मजदुर र किसानको आडभरोसामा उभिएको त:मुंज्याले देशका कामदार जनताको पक्षमा साहित्य र सांस्कृतिक गतिविधि गरिरहेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं आयोजक समितिका अध्यक्ष उकेश कवांको सभापतित्वमा भएको उक्त कार्यक्रममा उहाँले भन्नुभयो, “हाम्रो भाषा हामीले नै बचाउनुपर्छ ।”

४६ औँ त:मुंज्याका आर्थिक संयोजक कृष्णगोविन्द लाखाजुले सबै व्यवसायीहरूसमक्ष त:मुंज्यालाई सफल पार्न आर्थिक, भौतिक, नैतिक सहयोगको निम्ति अनुरोध गर्नुभयो ।

आयोजक समितिका सल्लाहकारहरू विश्वराम कवां र आशाकाजी त्वानाबासुले आर्थिक सहयोगको लागि अपिल गर्दै आ -आफ्नो विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागी महानुभावहरूले आ-आफ्ना व्यवसाय तथा व्यक्तिगत तर्फबाट त:मुंज्या सफल पार्न सहयोग रकम घोषणा गरी बचनवद्धता व्यक्त गर्नुभएको थियो ।

## देशको अवस्थाबारे उठेका प्रश्न

- रसुवाको भोटेकोसी नदीमा २०८२ असार २४ गते पनि नेपाल-चीन सिमानाको ल्हेन्देखोलाबाट आएको बाढीले १८ जना नेपाली बेपत्ता पारेको र साढे ६ अर्ब रुपैयाँभन्दा बढीको क्षति गरेको थियो । त्यसबेला गठन भएको १३ सदस्यीय समितिले रसुवाको भोटेकोसी क्षेत्रमा उच्च जोखिम औँल्याउँदै विपत्ति दोहोरिन सक्ने आकलन गरी नदी किनार र तटीय क्षेत्रका बस्ती स्थानान्तरण गर्नुपर्ने र जोखिम पूर्वसूचना प्रणाली प्रभावकारी बनाउनुपर्ने सुझाव दिएको थियो । तर, प्रतिवेदनका यी सुझावलाई सरकारले कार्यान्वयन नगरेको हुँदा यही भदौ १० गते ल्हेन्देखोला हुँदै रसुवाको भोटेकोसीमा आएको हिमपहिरोले हालसम्म १,३८५ शव फेला परेको र अझैं ५१३० मानिस बेपत्ता रहेको सार्वजनिक भयो । के यो क्षतिमा अघिल्ला प्रतिवेदन कार्यान्वयन नगर्ने हालसम्मका सरकार र यसका अधिकारीहरू दोषी होइनन् र ?
- रास्वपा सांसद मधुकुमार चौलागाईँले भने, “मुख देखाएर हिँड्न गाह्रो भयो, सरकार कहाँ छ ? के गर्दै छ ?” रास्वपाका सभापति रवि लामिछानेले जवाफ दिए- “बहुमत हुँदैमा सबै काम गर्न सकिन्छ र ?”
केही विश्लेषकहरू भन्दै छन्- “गत वर्ष भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनमा रवि लामिछानेलाई जेलबाट निकाल्ने र नेका, एमाले, तत्कालीन माओवादीले रजाई गर्दै आएको सरकारमा रास्वपाले रजाइँ गर्ने मात्र भयो नयाँ केही भएन ।” गृहमन्त्री सुधन गुरूङले भने- “यो सरकार अर्को गोलीले मात्र ढल्छ तर अर्को गोली चलाउने हिम्मत कसैले गर्न सक्दैन ।” यो भनाइलाई नेपाली जनताले कसरी बुझ्ने ? रास्वपाको सरकार अघिल्ला सरकारको सिलसिला नै साबित भएको किन होइन ? के नयाँ छ र यो सरकारमा ?




**ख्वप अस्पतालमा बिदाका दिन ओपीडी सेवा**

भक्तपुर नगरपालिका--९ च्याम्हासिंहस्थित ख्वप अस्पतालमा आइतबार ओपीडी सेवा लिनका लागि लामबद्ध सेवाग्राही । यस अस्पतालमा बिदाका दिन पनि ३६५ दिन नै ओपीडी सेवा खुला रहन्छ । *तस्वीर : रेणु त्वानाबासु/रासस*

# मजदुरहरूमाझ 'भक्तपुर काण्ड' को विरोध तथा भर्त्सना




भक्तपुर, २८ भदौ । भक्तपुर सिकर्मी सङ्घको आयोजनामा आइतबार भक्तपुर काण्डको विरोध तथा भर्त्सना कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेपाल क्रान्तिकारी मजदुर सङ्घका केन्द्रीय उपाध्यक्ष उपेन्द्र सुवालले लेनिनवादी नीतिअनुसार नेमकिपाले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर देश र जनताको सेवा गरेको सहन नसकेरै पञ्चायती सरकारले नेमकिपालाई समूल नष्ट गर्न राज्यस्तरबाटै षड्यन्त्र रचेको बताउनुभयो ।

भक्तपुर काण्डको बेला महिला दिदी बहिनीहरूले सहयोग गरेको चर्चा गर्दै उहाँले फेरि त्यस्ता षड्यन्त्रहरू घट्न सक्नेतर्फ जनता सचेत हुनुपर्ने बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति भक्तपुरका अध्यक्ष विष्णुराम दुमरुले २०२१ सालको भूमि नापीमा जोताहा हक कायम गर्न मोहीको नाउँ राख्ने काममा नेक्राकिसङ्घको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो ।

सङ्घका सल्लाहकार विष्णुभक्त कुसीले सङ्गठनमा भाँजो हाल्न इमानदार कार्यकर्तालाई साम, दाम, दण्ड र भेदको नीति अँगालेर बिगार्न सक्नेतर्फ सचेत हुनुपर्छ भन्नुभयो ।

सङ्घका अध्यक्ष विक्रम ढुकुछुको सभापतित्वमा भएको सो कार्यक्रममा सङ्घका उपाध्यक्ष रामसुन्दर सुवाल र सचिव पुण्यराम न्हुछेले पनि आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

# वागीश्वरीमा १६१ औँ मोती जयन्ती

भक्तपुर, २८ भदौ । वागीश्वरी माध्यमिक विद्यालय, वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ म्यानेजमेन्टको आयोजनामा १६१ औँ मोती जयन्ती शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि एवं गजलकार अर्जुन अन्योलले नेपाली साहित्यमा मोतीराम भट्टको योगदानको चर्चा गर्दै विद्यार्थीहरूले आफूले वाचन गरेका गजलहरू स्थानीय र राष्ट्रियस्तरका पत्रिका र साहित्यक सँगालोमा प्रकाशन गर्न सुझाव दिनुभयो ।

त्रिभुवन विश्वविद्यालयका सहप्राध्यापक चन्द्रप्रसाद ढकालले वागीश्वरी माध्यमिक विद्यालयले दशकौंदेखि गर्दै आएको साहित्यिक गतिविधिले नेपाली साहित्यको थप विकास हुने विश्वास प्रकट गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक एवं सभापति कृष्णप्रसाद कर्माचार्यले सङ्गीत, खेलकुद, साहित्य, स्वास्थ्य, सामाजिक उत्तरदायित्वलगायतका गतिविधिबारे चर्चा गर्नुभयो ।

गायक सन्तोष दुमीराईको टोलीले नारायण गोपाल, गुलाम अलि,मोतीराम भट्टका गीतहरू गाएको थियो ।



गोष्ठीमा कक्षा ११, १२ र वागीश्वरी कलेजका शिक्षकहरू रवीन्द्र न्हेम्हाफुकी, गनु साङपाङ राई, हरिसुन्दर पोतामहाँ, हीरा फुयाल, श्रीया पहिजू, हरिप्रसाद बास्तोला, राजु तामाङलगायतका शिक्षकहरूले गजल वाचन गर्नुभएको थियो । विद्यार्थी एलिसा बस्नेतले मोतीराम भट्टको जीवनी वाचन गर्नुभएको थियो । गरी दर्जनौं विद्यार्थीले आ-आफ्ना गजल वाचन गरेका थिए ।

विद्यार्थीहरूलाई पाँचदिने गजल लेखन तालिम दिएको अतिरिक्त क्रियाकलाप समितिका संयोजक मङ्गलेश्वर ध्वजुले बताउनुभयो । कार्यक्रममा

# चौबिस घण्टा ट्राफिक व्यवस्थापन, व्यापारमा मन्दी

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार लोकपथमा अवरोध भए तत्काल पन्छाउन २४ घण्टा हेभिइक्युपमेन्ट राखिएको छ । भट्टेडाँडा र टीकाभैरवमा हेभिइक्युपमेन्ट राखिएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो । सवारी चाप बढेसँगै टाखेल, ट्याक्सी पार्क, ढोलाहिटी, टीकाभैरव फूलबारी, टीकाभैरव बजार, तीनपाने र भट्टेडाँडामा ट्राफिक प्रहरी परिचालन गरिएको उहाँको भनाइ छ ।

"भदौ १० गते भोटेकोसीमा बाढी आउनुअघि दैनिक एक सयको हाराहारीमा सवारीसाधन गुड्ने यो सडकमा बाढीपछि सवारी चाप ह्वात्तै बढेको छ । एक दिनमै एक हजारदेखि एक हजार ५०० सम्म सवारी साधन गुडेको तथ्याङ्क छ", प्रवक्ता सुवेदी भन्नुहुन्छ । मालवाहक सवारीसाधन गुड्न थालेपछि यो सडकको व्यापारमा कमी आएको व्यापारीहरू बताउँछन् ।

ललितपुर क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य बुद्धरत्न महर्जन सरकारले केही दिनअघि कान्ति लोकपथलाई प्राथमिकता नदिएको भन्दै आपत्ति जनाउनुभएको थियो । उहाँले सङ्कट पर्दा मात्र नभएर राज्यले यस्ता राजमार्गलाई सक्षम र उपयोगी बनाउनुपर्नेमा जोड दिनुभयो ।

सत्तरी वर्षे इतिहास बोकेको राजमार्ग

ललितपुर र मकवानपुरलाई जोड्ने ऐतिहासिक कान्ति लोकपथ काठमाडौँ उपत्यका जोडिने सात दशक पुरानो सडक मार्ग हो । विसं २०१३ देखि निर्माण थालिएको यो सडक २०१४ माघ ९ गते तत्कालीन राजा महेन्द्रले उद्घाटन गर्नुभएको थियो । ट्र्याक खुलेपछि २०१६ सालमा तत्कालीन राजा महेन्द्र आफैं यो मार्ग भएर गाडी चलाउँदै हेटौँडा पुग्नुभएको थियो । सोही वर्ष आएको पहिरोपछि यो सडक खण्ड करिब ४० वर्षसम्म पूर्ण रूपमा ठप्प बन्यो ।

विसं २०५५ मा कोरिया सरकारले अनुदानमा कान्ति लोकपथको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गर्ने प्रस्ताव अघि बढाएपछि २०५६ देखि डिपिआर डिजाइनको काम सुरु भएपछि यो सडकलाई सङ्कटको समयमा सम्झिने गरिएको छ । काठमाडौँलाई हेटौँडासँग जोड्ने वैकल्पिक राजमार्गका रूपमा २०६६ सालदेखि 'कान्ति लोकपथ आयोजना'मार्फत पुन:निर्माण विस्तार तथा स्तरोन्नति भएपछि यो सडक सञ्चालनमा आएको हो । सञ्चालनपछि विभिन्न ठाउँमा पहिरोले अवरोध गर्दा विभिन्न आर्थिक वर्षमा सडक विस्तारका लागि निरन्तर बजेट विनियोजन भएको छ ।

कान्ति लोकपथको ५१ किलोमिटर मकवानपुर र ३८ किलोमिटर भाग ललितपुर जिल्लामा पर्छ । ८९ किलोमिटर सडकको अधिकांश भाग कालोपत्र भए पनि पहिरो र पहाड कटानको काम भइरहेका विभिन्न ठाउँ गरेर करिब चार किलोमिटर सडक कच्ची छ । २०८१ सालको बाढीले वाग्मती खोलाको पुल बगाएपछि बेलिब्रिज जडान गरिएको छ । त्यसको भारवहन क्षमता र सुरक्षाको दृष्टिगत गर्दै मालवाहक खाली गाडीलाई मात्र यो सडकमा सञ्चालनका लागि अनुमति दिइएको छ । ***(रासस)***

# समदर्शी साकोसमा बाल चित्रकला कार्यशाला

भक्तपुर, २८ भदौ । समदर्शी बचत तथा ऋण सहकारी संस्था लि. को महिला तथा बालबालिका उपसमितिले राष्ट्रिय बाल दिवसको अवसर पारेर आयोजना गरेको बाल चित्रकला कार्यशाला शनिबार भक्तपुर दरबार क्षेत्रमा सम्पन्न भयो ।

संस्थापक अध्यक्ष एवम् प्रमुख संरक्षक हरिराम लवजुले संस्थाले प्रत्येक वर्ष संस्थाको बाल सदस्यहरूको लागि चित्रकला कार्यशाला आयोजना गर्दै आएको बताउनुभयो ।

चित्रकलाविज्ञ रुजल कायष्ठले बाल सदस्यहरूको लागि चित्र कोर्दा ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो ।

कोषाध्यक्ष प्रमिला रंजितले थोरै थोरै रकम संस्थामा जम्मा गर्न प्रेरित गर्नुभयो ।

महिला तथा बालबालिका उपसमिति संयोजक गीता लवजू दुवालको सभापतित्वमा सम्पन्न औपचारिक कार्यक्रममा उपसमिति सदस्य तुमला कोजुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने अलिशा मानन्धरले स्वागत गनुभएको थियो ।

बाल चित्रकला कार्यशालामा ७७ जना बाल सदस्यहरूको सहभागिता रहेको थियो ।

***कीर्तिपुरमा...***

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले नेमकिपाको उद्देश्य देश र जनताको नि:स्वार्थ रूपमा सेवा गर्नु हो, उक्त सेवाबाट तर्सेकाले नै पञ्चायतले भक्तपुर काण्ड रचेको बताउँदै प्रतिक्रियावादीले नयाँ ढङ्गले पार्टीविरूद्ध षड्यन्त्र हुनसक्नेबारे सचेत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा कीर्तिपुर नगर समितिका उपाध्यक्ष बिन्द्रा महर्जन र सदस्य कान्छाबाबु महर्जनले पनि बोल्नुभएको थियो ।

***जनताको...***

पञ्चहरूले व्यक्तिहत्याको मुद्दाको रूपमा स्थापित गर्न खोजेको मुद्दालाई कानुन व्यवसायी र पत्रकारहरूको प्रतिवादले राज्यस्तरको षडयन्त्रको रूपमा उदाङ्गिएको बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीले मानिसले सकेमा जीवनको अन्तिम समयसम्म काम गर्नुपर्ने, त्यसको निम्ति स्वस्थ रहनुपर्ने र स्वस्थ रहनको निम्ति स्वस्थप्रद खानपिन गर्ने, चिन्तामुक्त जीवन जिउने प्रयास गर्नुपर्ने र धेरै ठुलो महत्त्वाकाङ्क्षा राख्न नहुने बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता भण्डारीलाई अध्यक्ष बिजुक्छेँले ढाकाटोपी लगाई दिएर, दोसल्ला ओढाएर र कदरपत्रसहित सम्मान गर्नुभयो ।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष अधिवक्ता रामप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न कार्यक्रममा उपाध्यक्ष अधिवक्ता अनिता जधारी र सचिव अधिवक्ता गम्भीरमान ज्याख्वलगायतले बोल्नुभएको थियो ।

हार्दिक समवेदना



जन्म
२०२३/०७/२२

स्वर्गारोहण
२०८३/०५/२६

यस मन्टेसरी एजुकेसन स्कूलका सञ्चालक एवं शिक्षिका बिन्द्रा गोसाईका पूजनीय पिता **गणेशकुमार गोसाई**को स्वर्गारोहण भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**मन्टेसरी एजुकेसन स्कूल परिवार**
सुगम बस्ती, सूर्यविनायक-८, भक्तपुर

## सङ्क्षिप्त समाचार

## जिप दुर्घटना अपडेटः मृतकको सनाखत, घाइतेको हेलिकप्टरमार्फत उद्धार

त्रिवेणी (रुकुम पश्चिम), २८ भदौ । रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-६ देउताखोला नजिकै आइतबार बिहान भएको दुर्घटनामा ज्यान गुमाउने दुवै जनाको सनाखत भएको छ ।

दुर्घटनामा जिप चालक त्रिवेणी गाउँपालिका-१ रुघाका सुन्दर खड्का मगर र सानीभेरी-६ की अन्दाजी १६ वर्षीया प्रेमकला पुनको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका दुई जनालाई नेपाली सेनाको हेलिकप्टरमार्फत प्रादेशिक अस्पताल सुर्खेत पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक बेदबहादुर पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार थप दुई जना घाइतेलाई लिन हेलिकप्टर आउँदैछ ।

अन्यको सानीभेरी गाउँपालिका अस्पताल सिम्लीमा उपचार भइरहेको छ । "जिपमा चालकसहित १३ जना सवार रहेका अनुसन्धानका क्रममा जानकारी भएको छ । यसअघि ११ जना सवार रहेका भन्ने प्रारम्भिक शोधपुछका क्रममा सूचनामा प्राप्त भएकामा अनुसन्धानलाई तीव्र बनाउँदै सम्बन्धित निकायमा शोधपुछ गर्दा यात्रुको सङ्ख्या १३ रहेको जानकारी पाएका छौँ", प्रहरी नायब उपरीक्षक पौडेलले भन्नुभयो । उहाँका अनुसार जिपमा सवार सबैको पहिचान भने अझै खुलेको छैन । सानीभेरी गाउँपालिका-६ को कोटगाउँबाट सानीभेरीकै सिम्लीतर्फ आइरहेको लु१च ६०२९ नम्बरको जिप देउताखोलामा दुर्घटना भएको थियो । जिप सडकबाट ५० मिटर तल खसेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । *(रासस)*

## बाणगङ्गा नदीमा फसेका १२ जनाको सकुशल उद्धार

कपिलवस्तु, २८ भदौ । जिल्लाको कपिलवस्तु नगरपालिका-६ बर्मेलीस्थित बाणगङ्गा नदीमा शनिबार राति एक्कासि आएको बाढीमा फसेका १२ जनाको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ । बाढीका कारण नदी क्षेत्रमा फसेका एघार महिला र एक पुरुषलाई गएराति सशस्त्र प्रहरी बल, नेपाल नं २८ गण हेडक्वार्टर कपिलवस्तुबाट खटिएको टोलीले उद्धार गरी सुरक्षित स्थानमा ल्याएको हो ।

कपिलवस्तु नगरपालिका-६ की ७० वर्षीया गोपी परियार, ७० वर्षीया किरली परियार, २४ वर्षीया कविता कुमाल, ३८ वर्षीया रामी वयम्बु, ३२ वर्षीया मीना वयम्बु, ४५ वर्षीया बेलमति सुनार, ४५ वर्षीया सुषमा जिसी, १८ वर्षीया लालुमाया श्रेष्ठ, ३४ वर्षीया लक्ष्मी परियार, ४० वर्षीया बिना विक, २४ वर्षीया बिन्दा थापा तथा ३७ वर्षीय रेशम परियारको उद्धार गरिएको सशस्त्र प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिनुभयो । *(रासस)*

## मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु

कर्णाली, २८ भदौ । मोटरसाइकलको ठक्करबाट सुर्खेतमा एक जनाको मृत्यु भएको छ । वीरेन्द्रनगर नगरपालिका-१० सुर्खेत बरिपाटीका ५५ वर्षीय आशा बुढाको उपचारका क्रममा आइतबार बिहान मृत्यु भएको हो ।

सुर्खेत जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कविन्द्रसिंह बोहोराका अनुसार सडकपेटीमा हिँडिरहेका बुढा मोटरसाइकलको ठक्करबाट गम्भीर घाइते भएपछि माया नर्सिङ होम पुर्याइएको थियो । त्यहाँबाट कर्णाली प्रदेश अस्पताल पुर्याइएकामा निजको उपचारका क्रम मृत्यु भएको हो । मोटरसाइकल र त्यसका चालकलाई नियन्त्रणमा लिइएको छ । *(रासस)*

## बाँदर नलाग्ने अकबरे खुर्सानीले चम्कायो वालिङको खेती

वालिङ (स्याङ्जा), २८ भदौ । स्याङ्जाको वालिङ-१३ तारखोलामा व्यावसायिक रूपमा अकबरे खुर्सानी खेती गरिएको छ । धान, मकैजस्ता खाद्यान्न बाली लगाउँदै आएको जमिनमा किसानले व्यावसायिक रूपमा खुर्सानी खेती थालेका हुन् तारखोलामा करिब ६० रोपनी क्षेत्रफलमा ७० हजारभन्दा बढी अकबरे खुर्सानीका बिरुवा लगाइएको छ ।

वालिङ नगरपालिकामा सञ्चालित कृषि विकास परियोजनाअन्तर्गत केदारनाथ कृषि फार्ममार्फत व्यावसायिक रूपमा खुर्सानी खेती गरिएको फार्मका सञ्चालक दयाराम पाठकले बताउनुभयो । धान, मकै लगायतका खाद्यान्न बालीबाट भन्दा खुर्सानीबाट राम्रो आम्दानी हुने र बाँदरले क्षति नगर्ने भएकाले खुर्सानी खेती विस्तार गरिएको उहाँले बताउनुभयो ।

"खुर्सानी प्रतिकिलो रु. २२० का दरले बिक्री भइरहेको छ," उहाँले भन्नुभयो, "यहाँ उत्पादन भएको खुर्सानीले राम्रो बजार पाएको छ । बजारको समस्या छैन, उत्पादन निरन्तर भइरहेको छ ।"

पहिलो पटक व्यावसायिक रूपमा खुर्सानी उत्पादन गरिएकाले आगामी दिनमा खेतीको क्षेत्र विस्तार गर्दै लैजाने तयारी गरिएको छ । वालिङ नगरपालिकामा सञ्चालित कृषि विकास परियोजना (हेफर) ले कृषि प्राविधिक, मल्चिङ प्लास्टिक, मल तथा सुकाउने मेसिन उपलब्ध गराएको छ ।

हालसम्म करिब रु. सात लाखको खुर्सानी बिक्री भइसकेको छ । फार्ममा खुर्सानीसँगै माछापालन र कागती खेतीसमेत गरिएको छ । उत्पादित खुर्सानी, कागती, माछालगायत कृषिजन्य वस्तु फार्मकै सवारीसाधनमार्फत कृषक तथा व्यापारीकहाँ ढुवानी गरिदिने गरिएकाले व्यापारी तथा उपभोक्तालाई सहज भएको छ । *(रासस)*



**स्काभेटरको सहायताले सुरुङभित्रको लेदो हटाइँदै**

भदौ १० गते भोटेकोसीमा आएको बाढीले क्षति पुर्‍याएको स्याफ्रुबेँसीस्थित चिलिमे जलविद्युत् केन्द्रको सुरुङभित्रको लेदो स्काभेटरको सहायताले हटाउँदै सुरक्षाकर्मी । सुरुङभित्रको लेदो निकाल्ने कार्यमा नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी निरन्तर खटिरहेका छन् । *तस्बिरः सरस्वती न्यौपाने/रासस*

## संयुक्त परीक्षा समितिको फुटसलमा वागीश्वरी प्रथम

भक्तपुर, २८ भदौ । सार्वजनिक माध्यमिक विद्यालय संयुक्त परीक्षा समिति भक्तपुरको वार्षिक कार्यतालिकाअनुसार फुटसल प्रतियोगिता शनिबार हेल्थि फुटसल, इटबुँमा सम्पन्न भयो ।

फाइनलमा आयोजक विद्यालय वागीश्वरी माध्यमिक विद्यालयले देवी माध्यमिक विद्यालयलाई ३-१ को अन्तरले पराजित गरी उपाधि हासिल गर्‍यो ।

भक्तपुरका १७ सामुदायिक विद्यालयको सहभागितामा सम्पन्न उक्त प्रतियोगितामा संयुक्त परीक्षा समिति भक्तपुरका अध्यक्ष रोशनराज तुईतुईले भक्तपुरका सामुदायिक विद्यालयमा फुटसल प्रतियोगिता पहिलो पटक भएको र यस्तो प्रतियोगिताले खेलाडीमा अनुशासन र मित्रताको भावना विकास हुने बताउनुभयो ।

वागीश्वरी माध्यमिक विद्यालयका प्रधानाध्यापक एवं पुरस्कार वितरण समारोहका सभापति कृष्णप्रसाद कर्माचार्यले धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा दोलागिरी माध्यमिक विद्यालयका प्रधानाध्यापक शिवबहादुर खलिमुली, आदर्श आजाद माध्यमिक विद्यालयका प्रधानाध्यापक सुभद्रा दुवाल र



अतिरिक्त क्रियाकलाप समितिका संयोजक मङ्गलेश्वर ध्वजुले पनि बोल्नुभएको थियो ।

प्रतियोगितामा तृतीय स्थान गणेश माध्यमिक विद्यालय,भार्वाचो र दोलागिरि माध्यमिक विद्यालयले हासिल गरेका थिए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी देवी माध्यमिक विद्यालयका युनिक ढाखुसी र सर्वोत्कृष्ट गोलकिपर वागीश्वरी माध्यमिक विद्यालयका कृजल दुवाल घोषित भएको थियो ।

## सुदूरपश्चिममा जडीबुटीः न प्रशोधन केन्द्र न त औषधि उद्योग नै

**- टिकाराम सुनार**

सुदूरपश्चिम, २८ भदौ । "सुदूरपश्चिम जडिबुटीको भण्डार नै हो । प्रदेशमा करिब छ हजार २७१ मेट्रिक टन जडीबुटी सङ्कलन गर्ने सम्भावना छ, जबकि गत आर्थिक वर्षमा नेपालकै कुल जडीबुटी निर्यात पाँच हजार ५२६ मेट्रिक टन मात्र थियो", नेपाल सरकार व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रतिवेदन २०८१ मा भनिएको छ, "यसरी एक वर्षमा निर्यात भएको जडीबुटीको औसत मूल्यलाई आधार मान्ने हो भने पनि सुदूरपश्चिम प्रदेशमा वार्षिक रूपमा रु. एक अर्ब २४ करोडको जडीबुटी निकासी गर्न सकिने सम्भावना देखिन्छ ।"

सम्भावनाको यो तथ्याङ्क प्रदेशका नीति निर्माता र राजनीतिक नेतृत्वका लागि नयाँ होइन, तर सङ्घीयता कार्यान्वयन भएको करिब नौ वर्ष पुग्दा पनि प्रदेशमा न आयुर्वेद औषधि उत्पादन उद्योग स्थापना भएको छ, न जडीबुटी प्रशोधन केन्द्र । यहाँसम्मकी जडीबुटी प्रशोधन र औषधि उत्पादनका लागि आवश्यक बृहत् सम्भाव्यता अध्ययनसमेत हुनसकेको छैन ।

आयुर्वेद क्षेत्रका जानकारहरूले भाषण, दस्तावेज र नीति बहसमा यहाँका अधिकांश नेता तथा जनप्रतिनिधिले सम्भावनाको कुरा गरे पनि अवसर आएको बेला कार्यान्वयनमा चासो नदेखाएको आरोप लगाउँदै आएका छन् । आफूहरूले सम्भावनाको उपयोग कसरी गर्ने भनेर सुझाउँदै आए पनि हालसम्म त्यसको सुनुवाइ नभएको उनीहरूको गुनासो छ ।

सरकारी आँकडामै सुदूरपश्चिमको बझाङ जिल्लाबाट मात्रै करिब १७ लाख ५५ हजार ३१५ किलो, डोटीबाट आठ लाख ६५ हजार ५००, दार्चुलाबाट सात लाख ७४ हजार ५४, अछामबाट छ लाख ८७ हजार ३००, बाजुराबाट छ लाख छ हजार १९८, डडेल्धुराबाट पाँच लाख ८४ हजार किलो, कैलालीबाट पाँच लाख ८४ हजार, बैतडीमा तीन लाख ४७ हजार ७७० र कञ्चनपुरबाट ७० हजार किलो जडीबुटी सङ्कलनको सम्भावना देखाइएको छ । यद्यपि, यसको नियमित अद्यावधिक भइरहेको छैन ।

"प्रदेशका जङ्गलमा जडीबुटी छ, बजारमा माग छ र प्रदेशभित्रै औषधिको खपत पनि ठुलो छ भन्नेमा सबै जानकार छौँ । तथापि, जडीबुटीलाई औषधिको बढ्दामा रूपान्तरण गर्ने उद्योग भने अझै प्रदेशको प्राथमिकतामा परेको छैन", यस क्षेत्रका व्यवसायीहरूले विगतदेखि नै भन्दै आउनुभएको छ ।

प्रदेशका हिमाली जिल्लाबाट सङ्कलित यार्सागुम्बा, पाँचऔंले, कुटकी, चिराइतो, सुगन्धवाल र जटामसीदेखि तराईका कुरिलो, सर्पगन्धा, क्यामोमाइल, मेन्था, तेजपात र लेमनग्राससम्मका जडीबुटी बाहिरिन्छन् । ती जडीबुटी प्रशोधन भएर औषधि बनेपछि भने महँगो मूल्यमा पुनः प्रदेशमा भित्रिने गरेका छन् । सुदूरपश्चिम प्रादेशिक आयुर्वेद चिकित्सालय, धनगढीका निमित्त प्रमुख डा. ओमप्रकाश कलौनी प्रदेशमा आवश्यक सानो परिमाणको आयुर्वेद औषधि पनि अन्यत्रबाट किन्नुपर्ने अवस्था अन्त्य हुन नसकेको बताउनुहुन्छ । यसको अन्त्यका लागि अन्य प्रदेशमा जस्तै सुदूरपश्चिममा औषधि उत्पादन उद्योग सञ्चालन गरिनुपर्ने उहाँको जोड छ ।

सुदूरपश्चिमका नौ जिल्लामा रहेका प्रादेशिक आयुर्वेद चिकित्सालय, महाकाली आयुर्वेद औषधालय, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, स्थानीय नागरिक आरोग्य केन्द्र, निजी क्लिनिक र फार्मेसीको मागअनुसार वार्षिक करोडौँ रकमको आयुर्वेदिक औषधि खपत हुनसक्ने अनुमान रहेकाले आन्तरिक खपतका लागि पनि प्रदेशमै उद्योग स्थापना आवश्यक रहेको छ ।

"हाम्रै प्रदेशमा सम्भव भएका औषधि पनि बाहिरबाट ल्याउनु परिरहेको छ । त्यसमा करिब रु. २५ करोडभन्दा बढी बाहिरिइरहेको छ । कच्चा जडीबुटी बाहिर पठाउने र त्यही जडीबुटीबाट बनेका चूर्ण, वटी तथा अन्य औषधि खरिद गरेर ल्याउने चक्र वर्षौंदेखि दोहोरिँदै आएको छ । यसै लगानीमा यसलाई बदल्न सकिन्छ । त्यसका लागि नेतृत्वको इच्छाशक्तिको खाँचो छ", निमित्त प्रमुख डा. कलौनीले भन्नुभयो । *(रासस)*

। सम्पादकीय ।

# ब्रिक्सको भविष्य उज्ज्वल छ

ब्रिक्सको १८ औँ शिखर सम्मेलन भारतको राजधानी नयाँ दिल्लीमा भदौ २७ र २८ गते सम्पन्न भयो । सन् २००६ मा संरा अमेरिकाको न्युयोर्कस्थित संयुक्त राष्ट्र सङ्घीय महासभाको सिलसिलामा ब्राजिल, रुस, भारत र चीन सदस्य रहेको ब्रिक्स स्थापना भएको हो । सन् २०१० मा दक्षिण अफ्रिका थपिएपछि ब्रिक्स भनिएको हो । ब्रिक्सको पहिलो शिखर सम्मेलन तीन वर्षपछि सन् २००९ मा रुसमा भएको थियो । हालसम्म ब्रिक्समा ११ पूर्ण सदस्य- ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका, इरान, यूएई, साउदी अरब, इजिप्ट, इथियोपिया, इन्डोनेसिया छन् भने १० साझेदार देशमा बेलारुस, बोलिभिया, क्युवा, कजाखस्तान, मलेसिया, नाइजेरिया, थाइल्यान्ड, युगान्डा, उज्वेकिस्तान, भियतनाम छन् । ब्रिक्सका २१ देशको ३७ अरब अर्थात् संसारको ६० प्रतिशत जनसङ्ख्या र संसारको कुल अर्थतन्त्रको ४० प्रतिशत हिस्सा रहेको सार्वजनिक भयो ।

सार्वजनिक भएअनुसार यसपालिको ब्रिक्स सम्मेलनको पहिलो दिन भारतका प्रधानमन्त्री मोदीले अरूले थोपरेको नियम मानेर बस्न नसक्ने, आफैले नियम बनाउनुपर्ने, ब्रिक्सको एकतालाई ठोस परिणाममा पुऱ्याउन आगामी २० वर्षको लागि महत्त्वपूर्ण कार्यसूची बनाउनुपर्ने र विश्व शासन प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिए । रुसका राष्ट्रपति पुटिनले पश्चिमा निर्णयबाट मुक्त भएर विश्वको आर्थिक वृद्धि गर्न यो डबलीलाई उपयोग गर्नुपर्ने र ब्रिक्स कुनै पनि देशविरूद्ध लक्षित नरहेको तथा सदस्य देशहरूको साझा हितको पक्षमा रहेको स्पष्ट पारे । चीनका राष्ट्रपति सी चिनफिङको मत थियो, पश्चिम एसियामा (इरान, प्यालेस्टिन, इजरायल) मा चलिरहेको युद्ध कसैको हितमा छैन ।

इरानका राष्ट्रपति मसुद पेजेस्कियानले ब्रिक्समा सम्बोधन गर्दै अमेरिकी डलरबिना सदस्य देशबिच कारोबार गर्नुपर्नेमा जोड दिए । अमेरिकी र पश्चिमा राष्ट्रहरूले रुस र इरानविरूद्ध आर्थिक प्रतिबन्ध तथा चीनविरुद्ध भन्सार कर वृद्धिजस्ता व्यापार युद्ध थोपर्दै आएको छ । केही पर्यवेक्षकहरूले तत्काललाई संसारमा अमेरिकी डलरको साम्राज्य चालू नै रहने, चीन र भारतले डलर कारोबार अहिले नै त्याग्न नसक्ने दाबी गरेका छन् । यतिबेला अमेरिकी सरकारको मुख्य काम डलर छाप्दै संसारमा चलाउन लगाउने सुन कब्जा गर्ने भइरहेको छ ।

केही विश्लेषकहरूले ब्रिक्सलाई चीन र रुसले आ-आफ्ना प्रभाव विस्तार गर्न डबली बनाएको बताए । तर यो झूटा हो । चीनले कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने र कुनै पनि देशमा सेना र हतियार तैनाथ नगर्ने स्पष्ट अडान राख्दै आएको छ । अमेरिकी सरकारले युक्रेनलाई हतियार पठाएर रुसविरुद्ध जबरजस्ती युद्धमा पठाएको घामजतिकै स्पष्ट विषय हो ।

ब्रिक्स शिखर सम्मेलनको पहिलो दिन नै सदस्य देशका नेताहरूले वृक्षरोपण गरी १४० बुँदाको घोषणापत्र पारित गरे । प्रदूषणको कारण पृथ्वीको तापक्रम बढ्दै आएको हुँदा भदौ १० गते नेपालको रसुवाको भोटेकोसीमा हिमपहिरो आयो र निकै जनधनको क्षति भयो ।

घोषणापत्रमा संयुक्त राष्ट्रसङ्घको पुन:संरचना, जलवायु परिवर्तन, साझा मुद्रा, अन्तर्राष्ट्रिय द्वन्द्वदेखि बहुध्रुवीयता, वैश्विक सुशासनलगायत विषय उल्लेख छ । संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्मा एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका देशहरूको अर्थपूर्ण प्रतिनिधित्व हुनुपर्ने, परिषद्को सदस्यतामा विकासोन्मुख देशहरूको प्रतिनिधित्व हुनुपर्ने, ८० वर्षभन्दा लामो इतिहासमा नभएको महिला महासचिव चयन हुनुपर्ने पनि ब्रिक्स घोषणामा उल्लेख छ ।

विश्व व्यापार सङ्गठनको घोषणाविपरीतका एकपक्षीय भन्सार शुल्क, संरक्षणवाद, नाकाबन्दीप्रति चिन्ता व्यक्त गर्दै ब्रिक्स घोषणामा इजरायलले प्यालेस्टिनविरूद्धको जातीय नरसंहार गरेको विरोध गरियो र संयुक्त राष्ट्रसङ्घमा प्यालेस्टिनलाई पूर्ण सदस्यता दिनुपर्ने, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताअनुसार प्रदूषण फाल्ने देशहरूले पीडित देशलाई सहयोग दिनुपर्ने, आतङ्ककारी गतिविधिको विरोध, अन्तरिक्षको शान्तिपूर्ण प्रयोगसम्बन्धी विषय पनि उल्लेख छ । यो घोषणाअनुसार काम भए विश्व शान्तिमा थप मद्दत पुग्नेछ ।

बैठकको पहिलो दिन 'विश्वव्यापी समावेशी, सुशासन र बहुध्रुवीयताको सुदृढीकरण' विषयमा छलफल गरियो भने दोस्रो दिन १० साझेदार देशका प्रतिनिधिहरूसहित 'उत्थानशीलता नवप्रवर्तन, सहकार्य र दिगोपना : समावेशी विश्वव्यापी वृद्धिका लागि भविष्यको स्वरूप' विषयमा छलफल गरियो । ब्रिक्सको संयन्त्र र सहकार्यको आधार समावेशी र खुलापना तथा जीत जीत सहकार्य भएको हुँदा यसको भविष्य उज्ज्वल छ ।

# नेपालका नयाँ नेताहरूलाई अमेरिकाले तयार गरेको खुलासा-१

किट क्लारेनबर्ग

सेप्टेम्बरमा नेपालमा हिमपहिरो गयो । १ हजारभन्दा बढी नेपालीको मृत्यु भयो । घटना हुनुभन्दा ८ महिनाअघि देशले नयाँ नेताहरू पाएको थियो । सन् २०२५ को डिसेम्बरमा काठमाडौँमा एउटा बैठक बस्यो । ऱ्याप गायकबाट मेयर बनेका बालेन शाह र राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेबिच भेट भयो । महिनादिन अघि देशलाई नै हल्लादिने हिंसात्मक अस्थिरता मच्चिएपछि सत्ता यी दुईको हातमा आएको थियो । बैठकबाट उनीहरूले सातबुँदे योजना बाहिर ल्याए । योजनामा 'भ्रष्टाचार र कुशासन' अन्त्य गरी 'सुशासन, समृद्धि र सामाजिक न्याय' कायम गर्ने वाचा थियो । यही सर्तमा बालेन नेपालको प्रधानमन्त्री बन्ने तय भयो । उनीसँगै रास्वपाले शासन गर्ने भयो ।

देशलाई नातावादबाट मुक्त गर्ने र त्यसको ठाउँमा गैरदलीय विज्ञ सरकार दिने वाचा गरेको एक वर्ष बित्दा नबित्दै उनीहरूले उल्टो स्थिति उत्पन्न गरे । हिमपहिरोपछि इन्फ्लुएन्सर नेतृत्वको सरकारले देशविदेशबाट बढ्दो आलोचना खेप्दै छ । बाह्य सहयोग अस्वीकार गरेको, उद्धारकार्य व्यवस्थापनमा खेलाँची गरेको, जनता पीडामा डुबिरहेको बेला निर्लज्ज आत्मप्रचारमा लागेको र आफ्नो खटनमा चल्ने खातामार्फत चन्दा दिनुपर्ने माग राखेको हुनाले सरकारको आलोचना भयो ।

भर्खरै केही गुप्त दस्ताबेज बाहिरिए । 'द ग्रेजोन' ले समीक्षा गरेका ती दस्ताबेजबाट शाह र लामिछाने दुवैजनालाई पश्चिमा संस्थाले सत्ताका लागि तयार गरेको खुलासा हुन्छ । संस्थाको नाम हो, 'निर्वाचन तथा राजनीतिक प्रक्रिया सबलीकरण सङ्घ' (Consortium for Elections and Political Process Strengthening, CEPPS) । यो अमेरिकी गुप्तचर निकाय 'सीआइए' मार्फत अमेरिकी सरकारबाट रकम लिने संस्था 'नेड' को शाखा हो । (नेड, National Endowment for Democracy, NED) 'नेड' को स्थापना १९८३ मा भएको थियो । यसको गठन (रोनाल्ड) रेगन सरकारले गरेको थियो । स्थापना भएदेखि नै 'नेड' ले अमेरिकाले सत्तापलट गराउन चाहेका देशहरूमा सरकारविरोधी विपक्षी समूहलाई पैसा पेल्दै आएको छ । 'सीआइए' ले छायामा बसेर गर्ने काम 'नेड' ले हाकाहाकी गर्छ । यस्तै 'खुला कारबाही' का लागि नाम कमाएको संस्था हो - 'नेड' । निकारागुआ, भेनेजुयला, युक्रेन र हाइटीमा सरकार भाँड्ने खेलमा 'नेड' ले खेलेको भूमिकाका अनेक दस्तावेजी प्रमाण पाइन्छन् । 'नेड' लाई समर्थन गर्ने अमेरिकाका नवरुढीवादी नेताहरूले यसलाई गौरवको विषय बनाउँदै आएका छन् ।

सन् २०२५ मा 'द ग्रेजोन' ले नेपालमा 'नेड' को सक्रियताबारे रिपोर्ट प्रकाशित गरेको थियो । रिपोर्टअनुसार 'नेड' ले (हाल सत्ताच्युत) ओली सरकारलाई हटाउने गरी युवा अभियन्ताहरूलाई पैसा पेल्दै आएको थियो । भर्खर बाहिरिएका नयाँ दस्ताबेजहरूले अर्को खुलासा गरेका छन् । नेपालमा सन् २०२५ मा सम्पन्न सत्ताविद्रोहमा संलग्न धेरै चर्चित अनुहारको करियर वा राजनीतिक जीवन 'नेड' प्रायोजित 'सीइपीपीएस' जस्ता समूहले बनाइदिएका थिए ।

सन् २०२६ मार्चमा नेपालमा संसदीय निर्वाचन भयो । निर्वाचनमा रास्वपाले भारी मत ल्यायो । 'सीईपीपीएस' ले तालिम दिएका धेरै नयाँ सांसदहरू आज रास्वपाका नेता छन् ।

त्यो निर्वाचन यत्तिकै भएको थिएन । सन् २०२५ सेप्टेम्बरमा नेपालका ठुला सहरहरूमा सडक प्रदर्शनहरू भए । एमाले नेता केपी शर्मा ओलीको नेतृत्वमा रहेको देशको निर्वाचित सरकारले राजीनामा दियो । शान्तिपूर्ण प्रदर्शनमा भाँडभैलो मच्चिएपछि दर्जनौँ मानिसको मृत्यु भयो । काठमाडौँका ठुला भवनहरूमा आगजनी गरियो । देशको संसद् भवनलाई जलाइयो । सुरक्षाका लागि राखिएका क्यामराहरू बन्द गरिए । पानीका ट्याङ्कहरू रित्याइए । दस्ताबेजहरूमा आगो लगाइयो । आगो दन्काउन अनेक इन्धनको प्रयोग गरियो ।

केही दिनपछि ओलीको ठाउँमा अन्तरिम नेतृ आइन् । उनलाई अज्ञात निर्वाचनबाट छनोट गरिएको थियो । डिस्कोर्ड खाताहरूबाट झन्डै १० हजार जति मत दिएर उनलाई अन्तरिम सरकारको प्रधानमन्त्री बनाइयो ।

नेपालको नयाँ सरकार 'नेड'द्वारा अनुमोदित हो । बालेन शाहलगायत यसका ठुला नेताहरूको नाम सन् २०२५ सेप्टेम्बरको हिंसासँग जोडिएको छ । बाहिरिएका दस्ताबेज हेर्दा रास्वपा र 'हामी नेपाल' का संस्थापक नेतालाई 'सीईपीपीएस' ले 'रुचि लिनुपर्ने व्यक्ति' को सूचीमा राखेको थाहा हुन्छ । (हामी नेपाल, सेप्टेम्बरका प्रदर्शनहरूको नेतृत्व गर्ने मुख्य गैरसरकारी संस्था हो । यिनै प्रदर्शनबाट प्रधानमन्त्री ओली सत्ताच्युत भएका थिए ।)

हिंसा भड्काउन भूमिका खेल्ने सबै दोषीलाई कठघरामा उभ्याउने लक्ष्यसाथ गठन भएको आयोगले प्रतिवेदन तयार गऱ्यो । तर, आयोग बनाउने अन्तरिम सरकारले त्यसमा उल्लिखित व्यक्तित्वहरूविरुद्ध कारबाही अघि बढाएन ।

मुलधारे मिडियाले सेप्टेम्बर उपद्रोलाई क्रान्तिकारी उभारको रूपमा प्रचार गरे । काठमाडौँका असन्तुष्ट जनता र इन्टरनेटमा अभ्यस्त 'जेनजी' पुस्ताले स्वत:स्फूर्त रूपमा चलाएको आन्दोलन भने । तर, 'द ग्रेजोन' ले यसबारे अर्कै खुलासा गऱ्यो । अमेरिकी सरकारले चलाउँदै आएको 'नेड' ले अघिदेखि नै नेपाली युवाहरूलाई तालिम दिँदै आएको थियो । ती युवालाई राजनीतिक स्वार्थपूर्तिका लागि सडकमा अराजकता पैदा गर्न, नयाँ राजनीतिक दल खोल्न र सत्तारुढ हुने गरी निर्वाचनमा प्रचार गर्न सिकाइएको थियो ।

बाहिरिएका गुप्त दस्ताबेजबाट ती तालिम अति पक्षपाती हुन्थे भन्ने उजागर भएको छ ।

यी दस्तावेज 'सीईपीपीएस' को वार्षिक कार्ययोजना-२०१९ मा आधारित छन् । दस्ताबेजअनुसार अमेरिकी सरकारले 'आइआरआई' लाई २ करोड डलर रकम दिएको थियो । अमेरिकाका दक्षिणपन्थीहरूको दबदबा रहेको संस्था 'आइआरआई' (International Republican Institute, IRI) 'नेड' को शाखा हो । अमेरिकी सरकारले दिएको त्यो रकम 'नीति संवाद' नामक नेपाली परियोजनाको सरजाममा खर्च गरिएको थियो, सन् २०१७ को जुलाई महिनादेखि २०२२ जुलाईसम्म । 'नेड' का दुई सहसंस्था 'निर्वाचन प्रणालीका लागि अन्तर्राष्ट्रिय प्रतिष्ठान' (International Foundation for Electoral Systems, IFES) र 'राष्ट्रिय प्रजातन्त्र संस्थान' (National Democratic Institute, NDA) ले बाँडेर त्यो रकम खर्च गरेका थिए ।

नीति संवादका गतिविधि र लक्ष्यहरू 'आइआरआई' को कार्यक्रमका पूरक थिए । 'आइआरआई' ले युवाहरूलाई कट्टरपन्थी बनाउने अलग्गै गतिविधि गर्दै थियो । हिमाली देश नेपालमा उसले गर्ने राजनीतिक चलखेललाई दस्ताबेजमा पढ्न पाइन्छ । बङ्गलादेशमा जस्तै नेपालमा तथाकथित 'जेनजी' विद्रोह हुनुभन्दा अगाडि 'आइआरआई' ले स्थानीय युवालाई तालिम दिएको थियो । 'युवा नेताहरूले विरोध प्रदर्शनमार्फत कसरी राजनीतिक परिवर्तन ल्याउन सक्छन्' भनेर सिकाइएको थियो ।

बाहिरिएको 'सीईपीपीएस' को दस्ताबेजमा सन् २०१९-२० बिच काठमाडौँमा उसले प्राथमिकतामा राखेका विषय छन् । त्यसमा 'युवा नेतृत्व कार्यक्रमको पहुँच बढाउनु' लाई 'नीति संवाद' को मुख्य लक्ष्य भनिएको छ । उसकै तत्वावधानमा 'सीईपीपीएस' का साझेदार संस्थाले 'नेपाली राजनीतिक दलहरूका युवा नेताहरूलाई (विभिन्न कार्यक्रममा) व्यस्त राख्नुपर्ने' र 'नेपालको सामाजिक परम्परा र उचनीचपूर्ण राजनीति' लाई चुनौती दिनुपर्ने तय भएको थियो । 'आइआरआई' ले तालिम दिएका युवा सिकारुहरूको प्रभाव र प्रतिनिधित्व बढाउन ती काम गर्नुपर्ने थियो ।

'सीईपीपीएस' ले आफूले 'सहयोग गर्नुपर्ने उत्प्रेरक नागरिक नेताहरू' को सूची बनायो । त्यो सूचीमा रहेका चार जना व्यक्ति आज रास्वपाका ठुला नेता छन् । ती हुन् - रास्वपा अध्यक्ष रवि लामिछाने, प्रधानमन्त्री बालेन शाह, सांसद सागर ढकाल र गृहमन्त्री सुदन गुरुङ ।

हिमपहिरोमा परेर मर्नेहरूको सङ्ख्या बढ्दै गर्दा यी व्यक्तिहरूको चर्को आलोचना भइरहेको छ । खासगरी तिनको फितलो प्रतिक्रियाले गर्दा देशभरिका सामान्य जनताले तिनको आलोचना गर्दै छन् ।

**सुरुङको साँघुरो सोच**

अगस्ट २६ गते नेपालको त्रिशुली नदीमा बाढीको भेल आयो । भेलमा लाखौँ टन हिउँ, हिलो र ढुङ्गामाटो मिसिएको थियो । त्यसैले हजारौँ मानिसको नामनिसान मेटियो । यसपछि सरकारको चर्को निन्दा भयो । प्रधानमन्त्री बालेन साह पनि आलोचनाबाट बचेनन् । आलोचनाका दुई कारण थिए । आवश्यक परेको बेला अन्तर्राष्ट्रिय सहयोग अस्वीकार गरेको र जनतासमक्ष सरकारको हेलचेक्र्याइँ लुकाउन खोजेको हुनाले जनता प्रम शाहप्रति रुष्ट भए ।

उद्दार कार्यले गति नलिएपछि आलोचकहरूले सरकारले हात बाँधेर बसेको भन्न थाले । आफूलाई अत्यन्त आवश्यक परेको बेला विदेशी सहायता लिन अस्वीकार गरेको भन्दै सरकारको आलोचना भयो । भीम गौतम 'स्वतन्त्र ऊर्जा उत्पादक सङ्घ नेपाल' का प्रमुख कार्यकारी अधिकृत हुन् । उनले आफू र आफ्ना सहकर्मीले चीन, भारत र अस्ट्रेलियाका उद्दारकर्ताहरू झिकाउनुपर्ने भन्दै 'सरकारलाई दबाब दिन' बाध्य भएको बताए । गौतमले भने, "तर अब त ढिलो भइसक्यो ।"

एक राजनीतिक विश्लेषकको निष्कर्ष रोचक थियो । अमेरिकी सञ्चार माध्यमसँग बोल्दै उनले सहयोग रोक्का गर्नुको कारण अर्कै रहेको बताए । सन् २०१५ मा विनाशकारी भूकम्प जाँदा नेपाललाई चीनले सहयोग गरेको र त्यहीबाट 'चीनले नेपालमा भूराजनीतिक पकड जमाएको' हुनाले सहयोग नलिएको हुन सक्ने ती विश्लेषकको तर्क थियो । चीनविरोधी धडधडीले गर्दा नेपालीहरू निसास्सिएर लेदोमुनि मर्नुहुँदैन भन्दै इन्स्टाग्राममा एक युवाले लेखे, "तिम्रो उग्रराष्ट्रवादलाई एकातिर राख र अहिलेलाई जुनसुकै देशले हामीलाई दिने सहयोग लिन भन है सरकारलाई ।" यी युवक सन् २०२५ को विद्रोहका सहभागी थिए ।

पश्चिमा मिडिया र केही नेपाली टिप्पणीकर्ताले हिमपहिरोका लागि चीनमाथि दोष थोपर्न खोज्दै छन् । पेइचिङले समयमै सूचना दिएको भए धेरैको ज्यान जोगाउन सकिन्थ्यो भन्दै छन् । तर, रोयटर्सले अगस्ट ३० गते छापेको दस्ताबेजले अर्कै कुरा भन्छ । बाढी आउनुभन्दा १२ दिन अगाडि नै चीनले नेपाललाई अग्रीम चेतावनी दिएको रहेछ । दस्ताबेजअनुसार चीनले 'नेपालको धेरै भागमा भारी वर्ष हुन सक्छ' र 'सायद पहिरो र भेलबाहेक दोस्रो कोटीका विपत्ति' पनि आउन सक्छ भनेको थियो ।

*Youth:*

Young women and men in Nepal are often excluded from leadership roles in political parties and in elected bodies because of social traditions and the hierarchical nature of politics in Nepal. Youth are typically engaged in parties only when senior leaders need human resources to mobilize members for rallies or for specific election-related activities. CEPPS will ensure equitable inclusion of young women and men in program activities and will prioritize support to youth through targeted skills-building activities. CEPPS partners will also provide support to senior leaders to highlight the work of young party and parliamentary leaders to demonstrate their capacity and form new working relationships that can further engage young women and men in decision-making processes.CEPPS partners will widely engage youth leaders from Nepali political parties. Gagan Thapa and Bishwa Prakash Sharma, prominent young reformists within the Nepali Congress Party, have gradually been gaining popularity. Additionally, efforts should be made to reach out to younger leaders from Nepal's left-wing parties to explore potential areas for cooperation. Meanwhile, CEPPS will support catalytic civic leaders in Nepal such as Ujwal Thapa, Sudan Gurung, Balen Shah, Sagar Dhakal, and Rabi Lamichhane.

**A. ACCOUNTING AND APPROPRIATION DATA:**

| | |
|---|---|
| 1. Total Estimated Amount: | $20,000,000.00 |
| 2. Total Obligated Amount: | $1,543,129.18 |
| 3. Activity Title: | Niti Sambad "Policy Dialogue" |
| 4. USAID Technical Office: | Democracy and Governance Office (DGO) |
| 5. DUNS No.: | 927923250 |
| 6. EIN: | 52-1943638 |
| 7. LOC Number: | HHS-34A2P |

**B. SPECIFIC**

| | |
|---|---|
| 1. Operating Unit: | USAID/Nepal |
| 2. Team/Division: | DGO/DO1 |
| 3. Benefiting Geo Area: | 367 |
| 4. Requisition No.: | REQ-367-17-000018/000001 |
| 5. Fund Code: | ES/2015/2016 |
| 6. Program Area: | A09 |
| 7. Program Element: | A041/A042 |
| 8. BORN: | 367018303DO103/367018303DO104 |

बाँकी पृष्ठ ८ मा

# नेपालको आर्थिक विकासको सन्दर्भ

हाम्रो देश आज पनि खेती र वन-जङ्गलको आम्दानीमा निर्भर छ । वैज्ञानिक खेतीको विकास नभएसम्म त्यसलाई आकाशे खेती भन्नुपर्छ । आकाशे खेतीको जगमा निर्माण भएको अर्थतन्त्रको भवन मौसमको हेरफेरमा चिरा पर्ने सम्भावना हुन्छ । देशको अर्थतन्त्रलाई प्राकृतिक स्रोतकै आधारमा जिउँदो राख्नु जङ्गली र गाउँले अवस्था हो । मानिसको बुद्धि र मेहनतले तयार गरेको साधनमा बाँच्न जान्नु सभ्यताको श्रीगणेश हो । हलो जोत्नु, मल हाल्नु र कुलो लगाउन जान्नु मानिसले सभ्यताको सङ्घारमा पाइला हाल्नु थियो । खेतीको विकासले व्यापार र यातायातलाई अगाडि बढाउन मद्दत मिल्यो । व्यापार र यातायातको विकासले उद्योगको क्षितिजलाई उघारिदियो । उद्योगको विकासले देशमा सम्पन्नता ल्यायो; विज्ञान र प्राविधिक ज्ञानलाई हौस्यायो ।

हाम्रो देश एक विकासोन्मुख देश हो । पुँजी र प्राविधिक ज्ञानलाई प्रयोग गरेर हामीले कसरी छिटो आर्थिक विकास गर्ने हो भन्ने विषय नै हाम्रो देशको आर्थिक विकासको बाटोमा तेर्सिएको ठुलो प्रश्न हो । निश्चय नै उद्योगको विकासविना समृद्धि र सम्पन्नता आकाशको फल हुनेछ; आत्मनिर्भरता र स्वतन्त्रता कागजमा सीमित वस्तु मात्रै रहनेछ । उद्योगको विकास गर्न पुँजीको आवश्यकता छ । एकआपसमा जेलिएको आर्थिक विकासको सन्दर्भमा कुन क्षेत्रलाई कसरी प्राथमिकता दिने हो भन्ने प्रश्न महत्त्वपूर्ण हुन्छ ।

हाम्रा केही अर्थशास्त्रीहरू खेतीमै जोड दिन्छन् । तिनीहरू पुँजी र प्राविधिक ज्ञानको कमी अनुभव गर्छन् र बजारको कमीले उद्योगको विकास गर्न सकिन्न भन्ने सोच्छन् । तिनीहरू देशको भू-राजनीतिक बाध्यता नै यसको महत्त्वपूर्ण कारण मान्दछन् । कारण जेसुकै भए पनि त्यस ठम्याइले देशलाई अगाडि बढाउँछ वा अरूको भरमा पार्छ ? यसबाट देशको अर्थतन्त्र अगाडि बढ्ला वा झन्झन् चौपट होला ? प्रश्न हाम्रो अगाडि छ । पुँजी, प्राविधिक ज्ञान, अनुभव र बजारको कमीले देशलाई औद्योगिक बाटोमा लैजान सकिन्न भन्ने सोच्नु निराशावादी सोचाइ हो र यसले देशलाई होइन विदेशलाई फाइदा गर्छ । उद्योगको विकास नभई खेतीको विकास हुन्न भन्ने कुरा खेतीमा जोड दिने अर्थशास्त्रीहरूलाई थाहा हुनैपर्छ । खेतीको ज्यावल, मल, कीरा मार्ने विषादी र सिँचाइको बन्दोबस्तले खेतीको राम्रो विकास हुन्छ । कृषि-ज्यावल कारखाना, मल कारखाना, कीरा मार्ने विषादीको निम्ति रासायनिक कारखाना तथा सिँचाइको निम्ति पक्की नहर बनाउन इँट एवम् फलामको कारखाना र इँटा भट्टाको खाँचो पर्छ । ती कारखानाहरूको निम्ति कोइला या विद्युत्, फलाम खानी, जुट वा बोरा बनाउने कारखाना, विषादी राख्ने टिन र विषादी छर्ने सामान बनाउने कारखाना र त्यसको ओसारपसारको निम्ति बाटो घाटो र यातायातको साधन आवश्यक हुन्छ । हरेक मोटर वा ट्रकसँगै एउटा ज्यासलको आवश्यकता हुन्छ । यी सबै कुरालाई ध्यान दिँदा कृषिसम्बन्धी उद्योगको खाँचो अनुभव हुन्छ । यसबारे ध्यान नदिई खेती गर्दा के त्यसको आत्मनिर्भरता तासको घरजस्तै भत्किन्न ?

सुरुमा खेतीको निम्ति आवश्यक उद्योगको निर्माणले दोहोरो-तेहोरो फाइदा हुन्छ ।

एक, खेतीमा भएको बोझ हलुका हुन्छ; मौसमी खेतीबाट फालिने श्रम शक्तिको उपयोग हुन्छ; किसानहरूमा श्रमिक स्वभावको विकास हुन्छ र समाज मध्यकालीन अध्यात्मवादी युगबाट वैज्ञानिक औद्योगिक युगमा पदार्पण हुन्छ ।

दोस्रो, कृषिको लागि चाहिने विदेशी ज्यावल, मल, कीरा मार्ने विषादी र सिमेन्ट आदिको निम्ति विदेशिने रकम बच्छ; उद्योगको थप श्रम र व्यापारको वृद्धिले राष्ट्रिय पुँजीको विकासमा सहायता पुग्छ । खेतीसम्बन्धी मुख्य र सहायक कारखानाले खप्पिस ज्यामीहरूको विकास हुन थाल्छ र औद्योगिक मनोवृत्ति एवम् औद्योगिक विकासले टेवा पाउँछ ।

तेस्रो, कृषि विकास भन्नु सारा गाउँ वा देशकै विकास गर्नु हो; देशको ९० प्रतिशत किसान जनताको जीवनस्तर उठाउनु हो; त्यो विशाल श्रमशक्तिलाई परिचालन गर्नु हो ।

प्रश्न उठ्न सक्छ, कृषिको विकास गर्न पनि त पुँजीको आवश्यकता हुन्छ । हो, कृषिको विकास गर्न पुँजीको आवश्यकता हुन्छ । तर, गरिब विकासोन्मुख देशले कसरी त्यो आवश्यकता पूरा गर्न सक्छ ? के पुँजीविना त्यो सम्भव छ ? विश्व बैङ्क, मित्र राष्ट्र वा अन्य अन्तर्राष्ट्रिय ऋणदाताहरू पुँजीका स्रोत भए तापनि साम्राज्यवादी हतियारको रूपमा रहँदै आएका छन् । यसको विकल्पमा अहिले उपनिवेशवादविरोधी देशहरूको आर्थिक सङ्गठन ब्रिक्स, एसियाली पूर्वाधार विकास बैङ्क आदि देखापरेका छन् । होइन, विदेशी सहायता र ऋणमा भर नपरी आफ्नो खुट्टामा उभिने हो भने राष्ट्रिय पुँजीकै खाँचो पर्छ । त्यसको निम्ति राष्ट्रिय ऋण र राष्ट्रिय पुँजीलाई उत्साहित गर्ने 'पुँजी नीति' अपनाउनु आवश्यक छ ।

उत्पादनमा वृद्धि ल्याउनु नै पुँजी जम्मा गर्ने पहिलो खुड्किलो हो । पहिलो बालीमा उत्पादन गर्ने योजना बनाउँदा पुँजीको कमी हुन्छ । तर, हामीसँग पुँजी बनाउने श्रमशक्ति छ । भएकै कृषि ज्यावलले हामी उत्पादन वृद्धि गर्छौं । हामी आफ्नै घरका झारपात र गोबरबाट कम्पोस्ट मलको विकास गर्छौं । कच्चा नहर वा इँटाको नहर बनाएर पानी खेत-खेतमा पुऱ्याउँछौं । इँटा त काठ वा दाउराले पोल्छौं । नहर खन्न र इँटा बनाउन ज्यालादारी नभई श्रमदान र देश विकासको सामूहिक भावनाले पनि सुरुमा काम गर्न सक्छौं । गोडमेलमा बढी ध्यान पुऱ्याउँछौं । यसले हाम्रो उत्पादनमा वृद्धि ल्याउँछ । एक बालीमा वृद्धि भएको उत्पादनलाई कृषि ज्यावल, नयाँ बिउ र कीरा मार्ने विषादीमा लगाउँछौं । अर्को बालीको उत्पादन झन् बढ्छ । हामीसँग यसरी बिस्तारै पुँजी जम्मा हुन थाल्छ । सानो राष्ट्रिय पुँजीकै भरमा पर्दा देशको अर्थतन्त्र पछि पर्छ । साम्राज्यवादविरोधी देशहरूको पुँजीलाई उपयोग गर्दा देशको आर्थिक विकास छिटो हुन्छ । त्यसैले, सबभन्दा पहिले आफ्नो श्रमलाई भूमिमा लगाउनुपर्छ, कसरत गर्दा शरीर बलियो भए जस्तै यसबाट जग्गामा बढी उत्पादन हुन्छ । भनिन्छ, तपाईंको हलो माटोमा जति गहिरो गड्छ उति जरा लामो हुन्छ; जति जरा लामो हुन्छ फल उति राम्रो हुन्छ । अनि, कुलो र नहरमा जोड दिनुस् किनभने 'पानी खेतीको निम्ति रगत हो'; मल दिनुस् 'मल खेतीको निम्ति ग्लुकोज हो ।' कुलो र नहर खेतीको लागि हाम्रो शरीरका रगतनलीहरू जस्तै हुन् । कीरा मार्ने विषादी रोग निको पार्ने उपचार हो; यसले शरीरमा बल बढाउँछ; फल सपार्छ । नयाँ-नयाँ बिउले भिटामिन र टनिकयुक्त फल दिन्छ । उखान छ, 'राम्रो बिउको राम्रो फल ।'




कृषि उद्योगको विकासले हलो, ट्याक्टर, धान झाँट्ने थ्रेसर मेसिन, सामान लैजाने साधनको विकास हुन्छ । मल, कीरा मार्ने विषादी र नयाँ बिउको विकास हुन्छ । यसले खेतीमा दोब्बरभन्दा बढी विकास हुन्छ । यस हिसाबले खेतीको वृद्धिले उद्योगको विकासमा मद्दत गर्छ र उद्योगले खेतीमा ठुलो सहयोग गर्छ । यो एक आपसमा भरपर्ने कुरा हो । तर, प्राथमिकता कसलाई दिने ? हाम्रो वास्तविक स्थिति र परम्पराले हामीलाई खेतीमा प्राथमिकता दिन भन्छ । खेतीकै खाना खाएर जग्गामै कारखाना बनाउँछौं । अन्न खाएरै खानी खन्छौं र जग्गामा फुलेको कपासबाट कपडा बुन्छौं । आफ्नै भूमिमा, आफ्नै जगमा उभिन्छौं । यसकारण, हामी भूमिलाई आधार बनाएर मात्रै देशको विकास गर्न सक्छौं ।

त्यसो भए हामीले उद्योगमा ध्यान नदिने त ? उद्योग हाम्रो हात हो । आज उद्योगको विकास नै सभ्यताको विकासको नापो भइसकेको छ । उद्योगले हाम्रो मेहनत बच्छ । १ मुरी धान बराबर १ जोर जुत्ता हुन्छ । यसको अर्थ जुत्ता ५-६ दिनको श्रम हो र धान ५-६ महिनाको फल हो । सहरको केही पाउ लिएर गाउँको केही धार्नी दिनु भनेको यही हो । खेतीमा भन्दा उद्योगमा नाफा हुन्छ । खेतीको मौसमपछि वा अन्न स्याहारेपछि फाल्तु वा उब्रेको श्रमलाई जग्गामा नगदे बाली लगाउन खर्चेजस्तै पुँजी, खानी र अरू वस्तुको उचित उपयोगमा ल्याउन उद्योगको विकास गर्नु आवश्यक छ । नदी-नाला र झरनाबाट बगिरहेको हिमालको बरदानलाई उपयोग गर्न पनि हामीले उद्योगको विकासमा ध्यान दिनु आवश्यक छ । सार्वभौमिकता र स्वतन्त्रताको निम्ति आत्मनिर्भरता अत्यावश्यक छ । यो कुरा हाम्रो जस्तो भू-परिवेष्ठित र तुलनात्मकरूपले निर्बलियो देशको निम्ति अझ सही छ । आत्मनिर्भरताको निम्ति औद्योगीकरण पनि जरुरी छ । तर, आफूसँग नभएको उद्योग र प्रविधिमा भने आत्मनिर्भरताको नाममा परम्परावादी भई अरूबाट नलिए देश पछि पर्छ ।

प्रश्न उठ्न सक्छ, के पुँजी, यातायात, प्राविधिक ज्ञान, कच्चा माल र बजारको कमी भएको अवस्थामा औद्योगीकरणको नीति सफल हुन सक्ला ? एक-एक थोपाले घडा भरिन्छ । २-४ वर्षभित्र कृषिमा ठुलो विकास गर्न सके हामीसँग केही पुँजी जम्मा हुनेछ । विदेशी सामानको उपयोग नगर्ने राजनीतिक चेतनाको विकास र स्वदेशी वस्तु उपयोग गर्ने देशप्रेमको भावनाले पुँजी कमीको समस्यालाई धेरै हदसम्म फुकाइदिन्छ । यातायातको विकासमा पनि जनताको सहयोगले ठुलो महत्त्व राख्छ । यातायातको विकासकै सिलसिलामा किसानहरू मजदुरमा परिणत हुन्छन् । मानसिकरूपले मजदुर भएका किसानहरू बिस्तारै प्राविधिक कामदारको निम्ति लायक हुन्छन् । उच्च प्राविधिक ज्ञानको निम्ति हामीसँग अन्तर्राष्ट्रिय सद्भाव र सहयोग पनि छ । अन्तर्राष्ट्रिय सद्भाव र सहयोग पनि नेपालको एउटा ठुलो पुँजी हो । यो अदृश्य पुँजी नेपाली रगत र उदारता, कूटनीतिक सफलता र बढ्दो अन्तर्राष्ट्रिय देन हो । औद्योगीकरणको उद्देश्यले कच्चा मालको विकासमा द्रुतता ल्याउँछ । 'बजारको कमी' भन्नाले बाहिरी बजार भएमा ठुलो आकारको उत्पादन हुन्छ भनी बुझौँ ! ठुलो आकारको उत्पादनले वस्तुको लागत मूल्यमा कमी ल्याउँछ अथवा सस्तो सामानले बाहिरी बजारमा प्रतिस्पर्धा गर्न सक्षम बनाउँछ । तर, नेपालको दुवैतिर ठुल्ठुला र उद्योगमा विकसित देशहरू भएका हुनाले त्यो बाहिरी बजार पाउन सम्भव छैन । हामीकहाँ बाहिरी बजारको उद्देश्यले नभई पहिले घरेलु आवश्यकता पूरा गर्न मध्यम र सानो दर्जाका उद्योगहरू स्थापना गर्नुपर्छ । विद्युत्को उत्पादन र हामीमा प्राविधिक ज्ञानको राम्रो विकास भएपछि प्रथम दर्जाका उद्योग बनाएर विदेशी बजारमा पनि नेपालले योगदान दिन सक्नेछ । कस्तुरी, चरेस, गाँजा, भाङ र जडीबुटीजस्ता नेपालकै प्रकृतिमा पाइने र अन्य देशमा नपाइने वस्तुको उद्योग स्थापना गर्दा नेपालले पनि विदेशी बजारमा ठाउँ पाउनेछ । फलफूल, खाद्य पदार्थ, दूध र मासुजन्य उत्पादन उद्योगमा नेपालले विकास गर्ने सम्भावना बढेको छ ।

तर, अहिलेलाई मध्यम र साना दर्जाकै उद्योगहरू स्थापना गर्नु असल हुनेछ । यसका निम्न कारण छन् :

१) पुँजी, प्राविधिक श्रम र अनुभवबाहेक देशको भौगोलिक स्थिति पनि यसको कारण हो । देशको सबै ठाउँमा यातायातको विकास छिट्टै गर्न सकिन्न । एउटै ठाउँमा ठुलो उद्योग राखिएको खण्डमा ओसारपसारमा बढी खर्च लाग्छ ।

२) त्यति नै पुँजीले २-३ ठाउँमा उद्योग खोल्नाले सबै इलाकामा समान र सन्तुलित विकासको सम्भावना बढ्नेछ ।

३) भिन्न-भिन्न ठाउँ र हावापानीमा भिन्दाभिन्दै उद्योग खोल्नाले उद्योगमा विविधता र विशिष्टता हासिल गर्न सजिलो हुन्छ ।

४) युद्धको सम्भावना कम भए पनि त्यसको अन्त्य भएको छैन तर त्यसको रूप भने फेरिँदै छ । सबै फुल एकै टोकरीमा राख्नु जोखिमपूर्ण हुन्छ । सुरक्षाको दृष्टिले पनि ठुल्ठुलो उद्योग एकै ठाउँमा नराखी सबै विकास क्षेत्रमा मझौला र साना उद्योगको विकास गर्नु उचित हुन्छ ।

आज ठुल्ठुला उद्योगको युगमा के स-साना उद्योगको अस्तित्व रहला ? वा, ठुला उद्योगको युगमा साना उद्योग टिक्न सक्लान् ?

जापान, जर्मनी, बेलायत, अमेरिकाजस्ता उद्योगमा अगाडि बढेका देशहरूमा पनि मझौला, साना र घरेलु उद्योगसमेत चालु छन् । स्विजरल्यान्ड, चेकोस्लोभाकिया, अल्बानिया, हङ्गेरी, बुल्गेरियाजस्ता देशको त कुरै छोडौँ ।

चीनजस्तो विशाल जनसङ्ख्या र ठुला उद्योगको सम्भावना भएको देशमा पनि ठुला-साना दुवैथरी उद्योगलाई सँगसँगै लाने नीति लिइएको थियो । पुँजीको कमीका कारण पुरानो उद्योगलाई पनि उपयोग गर्न वा नयाँ उद्योगले मात्रै बेकारी समस्यालाई छिट्टै हटाउन नसक्ने हुँदा चीनले त्यो नीति लिएको थियो । यसकारण, हाम्रोजस्तो भर्खर उद्योगमा 'बामे सर्न' लागेको देशको निम्ति मझौला र सानो दर्जाका उद्योग देशको आकार, जनसङ्ख्या, पुँजी आदि सबै दृष्टिले उचित देखिन्छ । ठुल्ठुला उद्योगहरू ठाउँठाउँमा केन्द्रित हुँदा जनसङ्ख्या एक ठाउँमा केन्द्रित हुनुका साथै बजार, बसोबास र वायु प्रदूषणको पनि समस्या आउँछ । विदेशका ठुलठुला औद्योगिक सहर र केन्द्रको निम्ति यो ठुलो समस्या भइसकेको छ । ठुलो वस्तुको ठुलै कमजोरी हुने गर्छ । त्यसलाई सम्हाल्न पनि गाऱ्हो पर्छ । विकसित देशसामु पनि आज वायु प्रदूषणबाट जोगिनका लागि औद्योगिक केन्द्रीयताबाट जोगिनु ठुलो चुनौती बनिरहेछ । यसकारण, मझौला र साना उद्योगले गर्दा भविष्यमा हामी प्रदूषणका ती समस्याबाट जोगिनेछौँ ।

देताँ, तनाव न्यूनीकरण, भद्रता, निःशस्त्रीकरण र शान्ति प्रयासले प्रत्यक्ष युद्धको सम्भावना घटाएको छ तापनि हरेक शान्ति र स्थिरताको नारापछि एउटा युद्ध भएको छ । यसकारण, हाम्रो औद्योगीकरणको नीतिलाई रणनीतिक दृष्टिले पनि हेर्न आवश्यक हुन्छ । देशको एउटै ठुलो उद्योग एकै ठाउँमा मात्र छ भने त्यो जोखिमको कुरो हुनेछ । मझौला र साना उद्योग घरभित्र वा जमिनभित्र पनि बनाउन र सञ्चालन गर्न सकिने बन्दोबस्तलाई बिर्सन सकिन्न । त्यस्ता उद्योगमा जस्तोसुकै बमबारीको समयमा पनि उत्पादन यथावत चालु रहन सक्छ । भियतनाम यसको ज्वलन्त उदाहरण थियो । आफूले नियन्त्रणमा राख्न नसकिने वस्तुले नै आफूलाई नियन्त्रण गर्छ वा त्यो भालुको कम्पट हुन्छ । यसकारण, नेपालको उद्योग नेपालको भूगोल र स्थानीय स्रोतअनुकूल हुनुपर्छ भन्ने निर्क्योल गर्न सकिन्छ ।

उद्योग स्थापनाको इलाका पनि छलफलको महत्त्वपूर्ण विषय हो । औद्योगिक क्षेत्र देशको भित्री मधेस वा मध्य पहाडी इलाकामा रहनुपर्ने देखिन्छ । यसका निम्न कारण छन् :

१) तराई हाम्रो अन्नको भण्डार हो । खेतीको बढ्दो विकासले मात्रै उद्योगलाई चाहिने कच्चा पदार्थ र अन्नको माग पूरा गर्नेछ । यसकारण, तराईमा औद्योगिक खेतीको विकास गर्नुपर्छ ।

२) भित्री मधेस वा मध्य पहाडी इलाकामा खानी र यातायातको विकास गरिनुपर्छ । त्यसले सस्तो ज्यामी र न्यून पुँजीको सम्भावना बढाउँछ तथा बेकारी समस्या पनि सुल्झिन्छ । दक्षिणको जनसङ्ख्याको दबाब घट्छ । समान आर्थिक विकासको अवसर प्रदान गर्छ । आर्थिक वा यातायातको दृष्टिले पनि त्यो लाभदायी हुन्छ ।

३) कच्चा पदार्थ, शक्ति र श्रमको नजिकै उद्योग भएपछि उत्तर र दक्षिण; पूर्व र पश्चिममा विभिन्न किसिमका खेतीपाती, खानी, यातायात र उद्योगको विकास भएर देशका समस्त भागले आर्थिक विकासमा समान योगदान दिने मौका पाउनेछन् । कामको निम्ति विदेशी नोकर र विदेशी तोपको खुराक भएर नेपाली जनताले कलङ्कको टिको लगाउनुपर्ने छैन ।

४) सुरक्षाका दृष्टिले उद्योगलाई सीमा क्षेत्रमा राख्नु राम्रो कुरा होइन । आजको युगमा उद्योगको चाल नै देशको ढुकढुकी हो । यसको सुरक्षा गर्नैपर्छ । यसकारण, भित्री मधेस र मध्य पहाडी इलाकालाई नै उद्योगको क्षेत्रमा बदल्नुपर्छ ।

आफ्नै देशको वनजङ्गल, खानी र हावापानीमा उपलब्ध हुने कच्चा पदार्थमा आधारित उद्योगलाई पहिलो स्थान दिनु सबै दृष्टिले लाभप्रद हुनेछ । यसरी देशभरि मझौला, साना र घरेलु उद्योग आकाशका ताराजस्तै चमचम चम्कनेछन् र पछि ठुल्ठुला उद्योग चन्द्रमा जस्तै एक-दुइटा उदाउनेछन् ।

**टिपोटहरू :**

१) २०७८ सालको जनगणनाअनुसार कृषि पेसामा लागेकाहरू ६८ प्रतिशत छन् ।

२) सन् २००९ मा आर्थिक सहकार्यका निम्ति ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिका मिलेर स्थापित ब्रिक्स साम्राज्यवादइतर विकल्प बन्दै छ ।

३) फ्रान्सेली शब्द देताँको अर्थ सम्झौता गरी तनाव मत्थर पार्नु हो ।

***साभार : आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास***

विश्व विकास सूचक (विश्व बैङ्क, २०२१)

| देश | प्रतिव्यक्ति आम्दानी (अमेरिकी डलर) (कुल राष्ट्रिय आम्दानी) | प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (अमेरिकी डलर) | वार्षिक कुल गार्हस्थ्य उत्पादनमा वृद्धि (%) |
|---|---|---|---|
| जापान | ४३,६७०.०० | ४०,०५८.५४ | २.५६ |
| बेलायत | ४५,५५०.०० | ५०,३६१.२७ | ८.७६ |
| रसिया | ११,७६०.०० | १२,५३२.०५ | ५.५३ |
| जर्मनी | ५२,०५०.०० | ५१,४२६.७५ | ३.१२ |
| इटाली | ३६,४२०.०० | ३६,४४९.२६ | ८.८७ |
| फ्रान्स | ४३,८१०.०० | ४३,६७१.३१ | ६.३१ |
| चीन | ११,९५०.०० | १२,६१७.५१ | ८.३५ |
| संरा अमेरिका | ७१,३९०.०० | ७०,२१९.४७ | ५.७८ |
| भारत | २,१५०.०० | २,२३८.१३ | ८.१८ |
| नेपाल | १,२३०.०० | १,२२९.३९ | २.४४ |

# ब्रिक्स सम्मेलन : विश्व अर्थतन्त्र र भू-राजनीतिक तनावबिच सहकार्यको खोजी




नयाँ दिल्ली, २८ भदौ (एएफपी) । चीन, रुस, भारतसहित ब्रिक्स सदस्य राष्ट्रका नेताहरूले आइतबार भारतको राजधानी नयाँ दिल्लीमा सम्मेलनको दोस्रो दिन विभिन्न अन्तर्राष्ट्रिय विषयमा छलफल गरेका छन् । नेताहरूले विश्वका आर्थिक विकास, व्यापार, ऊर्जा सुरक्षा र अन्तर्राष्ट्रिय सहकार्यलगायतका विषयमा छलफल गरेका हुन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले ब्रिक्स सदस्य राष्ट्रहरूबिच आपसी सहकार्यलाई थप बलियो बनाउनुपर्नेमा जोड दिनुभएको छ । उहाँले ब्रिक्स विश्व जनसङ्ख्याको ठुलो हिस्सा र विश्व अर्थतन्त्रको महत्त्वपूर्ण भाग प्रतिनिधित्व गर्ने समूह भएको बताउनुभयो । मोदीका अनुसार ब्रिक्स राष्ट्रहरूले विश्वको करिब ५० प्रतिशत जनसङ्ख्या, ४० प्रतिशत कुल गार्हस्थ्य उत्पादन (जीडीपी) र २५ प्रतिशतभन्दा बढी विश्व व्यापार प्रतिनिधित्व गर्छन् । चिनियाँ राष्ट्रपति सी चीनफिङ, रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इरानी राष्ट्रपति मसुद पेजेस्कियानलगायत नेताहरू सहभागी सम्मेलनमा विश्वव्यापी आर्थिक वृद्धि र विभिन्न क्षेत्रीय द्वन्द्वका विषयमा छलफल भएको छ ।

**समावेशी आर्थिक विकासमा जोड**

मोदीले ब्रिक्सको मुख्य शक्ति सदस्य राष्ट्रहरूको विविधता र सहकार्यमा रहेको बताउनुभयो । फरक राजनीतिक, आर्थिक र सामाजिक अवस्था भएका देशहरू भए पनि साझा सहकार्यबाट सबैले लाभ लिन सक्ने उनको भनाइ थियो । उहाँले विश्व आर्थिक विकास केही देश वा क्षेत्रसम्म मात्र सीमित नभई सबै देश र जनतासम्म पुग्नुपर्ने बताउनुभयो ।

ब्रिक्स सन् २००९ मा स्थापना भएको समूह हो । सुरुमा ब्राजिल, रुस, भारत र चीन यसमा थिए भने पछि दक्षिण अफ्रिका सदस्य बनेको थियो । पछिल्लो विस्तारसँगै इरान, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्सलगायत देश पनि समूहमा जोडिएका छन् । ब्रिक्सले पश्चिमी शक्तिको प्रभाव रहेका अन्तर्राष्ट्रिय संस्थाहरूमा विकासशील तथा उदीयमान अर्थतन्त्र भएका देशहरूको आवाज बलियो बनाउन खोज्दै आएको छ । विश्व अर्थतन्त्रमा आफ्नो प्रभाव बढाउँदै ब्रिक्सले व्यापार, ऊर्जा, वित्तीय सहकार्य र अन्तर्राष्ट्रिय राजनीतिक विषयमा साझा धारणा निर्माण गर्ने प्रयास गरिरहेको छ ।

**मध्यपूर्वको बढ्दो तनावप्रति चिन्ता**

सम्मेलनको पहिलो दिन भने मध्यपूर्वमा बढिरहेको द्वन्द्व र तनाव प्रमुख विषय बनेको थियो । ब्रिक्सका विदेशमन्त्रीहरू यसअघि मे महिनामा नयाँ दिल्लीमा संयुक्त वक्तव्य जारी गर्न असफल भएका थिए । मध्यपूर्वको युद्धबारे सदस्य राष्ट्रहरूको धारणा फरक भएपछि सहमति बन्न सकेको थिएन । तर, यसपटक लामो कूटनीतिक प्रयासपछि ब्रिक्स नेताहरूले मध्यपूर्वको अवस्थाबारे संयुक्त धारणा सार्वजनिक गरेका छन् । संयुक्त वक्तव्यमा मध्यपूर्व तथा पश्चिम एसियामा बढ्दो तनावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै सम्बन्धित सबै पक्षलाई 'अधिकतम संयमता' अपनाउन आग्रह गरिएको छ । भारतले इरान र अमेरिकाको सहयोगी इजरायल दुवैसँग सम्बन्ध कायम राख्दै आएको छ । त्यसैले नयाँ दिल्लीले मध्यपूर्वको विषयमा सन्तुलित कूटनीतिक नीति अपनाउँदै आएको छ ।

**रुससँग भारतको ऊर्जा सहकार्य**

मध्यपूर्वमा द्वन्द्व बढ्दा विश्वव्यापी ऊर्जा आपूर्तिमा समेत असर पर्ने चिन्ता छ । यस्तो अवस्थामा भारतले रुससँगको ऊर्जा सहकार्यलाई निरन्तरता दिएको छ । रुसमाथि युक्रेन युद्धका कारण अमेरिका र अन्य पश्चिमी देशहरूले दबाब तथा प्रतिबन्ध लगाउँदै आए पनि भारतले आफ्नो ऊर्जा आवश्यकता पूरा गर्न रुसबाट तेललगायत ऊर्जा स्रोत खरिद गर्दै आएको छ । यस विषयमा भारतले आफ्नो राष्ट्रिय हित र ऊर्जा सुरक्षालाई प्राथमिकता दिँदै स्वतन्त्र विदेश नीति अपनाएको बताउँदै आएको छ ।

**सीको भारत भ्रमणलाई महत्त्वपूर्ण मानियो**

ब्रिक्स सम्मेलनका क्रममा चिनियाँ राष्ट्रपति सी चीनफिङ र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच भएको भेटलाई पनि विशेष महत्त्वका साथ हेरिएको छ । सन् २०१९ पछि सीको यो पहिलो भारत भ्रमण हो । चीन र भारतबिच लामो समयदेखि सीमा विवाद तथा रणनीतिक प्रतिस्पर्धा रहेकाले उनको भ्रमणलाई दुई देशबिचको सम्बन्ध सुधारतर्फको महत्त्वपूर्ण कदम मानिएको छ । मोदीसँगको भेटमा सीले चीन र भारतबिच धेरै विषयमा फरक धारणा भए पनि दुवै देशले एकअर्काको क्षमता र अनुभवबाट लाभ लिन सक्ने बताउनुभयो । उहाँले दुई देशले आपसी सहयोग बढाउँदै साझा विकासतर्फ अघि बढ्नुपर्ने धारणा राख्नुभयो ।

**सीमा विवाद अझै समाधान भएको छैन**

चीन र भारतबिचको मुख्य विवादमध्ये एक सीमा विवाद हो । दुवै देशबिच करिब तीन हजार ५०० किलोमिटर लामो उच्च हिमाली सीमा रहेको छ । सन् २०२० मा विवादित सीमाक्षेत्रमा चीन र भारतका सैनिकबिच भएको हिंसात्मक झडपपछि दुई देशबिचको सम्बन्ध थप तनावपूर्ण बनेको थियो । त्यसयता दुवै पक्षले सीमाक्षेत्रमा ठुलो सङ्ख्यामा सैनिक तथा सैन्य उपकरण तैनाथ गरेका छन् । यद्यपि, पछिल्लो समय दुवै देशले सम्बन्ध सुधारका लागि विभिन्न कदम चालेका छन् । हवाई उडान, भिसा सेवा र उच्चस्तरीय भेटघाट पुन: बढ्न थालेका छन् । भारतीय विदेश मन्त्रालयका अनुसार मोदी र सीले सीमा विवादको निष्पक्ष, उचित र दुवै पक्षलाई स्वीकार्य समाधान खोज्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

**व्यापार घाटा र रणनीतिक प्रतिस्पर्धा चुनौती**

सम्बन्ध सुधारको प्रयास भए पनि चीन र भारतबिच अझै ठुलो अविश्वास कायम छ । भारतले चीनसँग ठुलो व्यापार घाटा व्यहोर्दै आएको छ । साथै, एसियामा दुवै देशको बढ्दो आर्थिक तथा रणनीतिक प्रभावका कारण प्रतिस्पर्धा पनि तीव्र छ । सीले दुई देशले उच्चस्तरीय वित्तीय सहकार्य बढाउन, समान तथा दिगो विश्व व्यवस्था निर्माण गर्न र खुला एवं समावेशी विश्व अर्थतन्त्रलाई अघि बढाउनुपर्ने बताउनुभयो ।

**ब्रिक्सको बढ्दो विश्वव्यापी भूमिका**

यस सम्मेलनले ब्रिक्स अब केवल आर्थिक सहकार्यको समूह नभई विश्व राजनीति र अन्तर्राष्ट्रिय व्यवस्थामा प्रभाव पार्ने महत्त्वपूर्ण मञ्चका रूपमा अघि बढिरहेको सङ्केत गरेको छ । मध्यपूर्वको द्वन्द्व, रुस-युक्रेन युद्ध, ऊर्जा सुरक्षा, व्यापार अस्थिरता र विश्व अर्थतन्त्रजस्ता विषयमा ब्रिक्स राष्ट्रहरूले आफ्नो साझा प्रभाव बढाउने प्रयास गरिरहेका छन् । भारतले सम्मेलनको नेतृत्व गर्दै विकासशील देशहरूको आवाज बलियो बनाउन तथा विश्व अर्थतन्त्रलाई थप समावेशी बनाउन ब्रिक्सले महत्त्वपूर्ण भूमिका खेल्नुपर्नेमा जोड दिएको छ । नयाँ दिल्लीमा भइरहेको ब्रिक्स सम्मेलनमा आर्थिक सहकार्यसँगै विश्वव्यापी द्वन्द्व, ऊर्जा सुरक्षा, व्यापार र चीन-भारत सम्बन्ध मुख्य विषयका रूपमा देखिएका छन् ।

# होर्मुजमा जहाजमाथि आक्रमण, एकको मृत्यु र तीन घाइते

तेहरान, २८ भदौ (एएफपी) । इरान र अमेरिकाबिच रणनीतिक 'स्ट्रेट अफ होर्मुज' लाई लिएर तनाव बढिरहेका बेला आइतबार उक्त क्षेत्रमा एउटा व्यापारिक जहाजमाथि आक्रमण हुँदा एक जनाको मृत्यु र तीन जना घाइते भएको इरानी अधिकारीले बताएका छन् ।

केश्म सहरका गभर्नर अमिर तेमुरीका अनुसार हेङ्गाम र केश्म टापुको तटीय क्षेत्रमा स्थानीय समयअनुसार बिहान करिब ५:०० बजे जहाजमाथि आक्रमण भएको थियो ।

"एउटा व्यापारिक जहाजमाथि आक्रमण हुँदा एक जनाको मृत्यु भयो र अन्य तीन जना घाइते भए," तेमुरीले सरकारी टेलिभिजनमार्फत बताउनुभयो । आक्रमण कसले वा कुन पक्षले गरेको भन्नेबारे भने उहाँले स्पष्ट जानकारी दिनुभएन । स्ट्रेट अफ होर्मुजको सबैभन्दा ठुलो टापु केश्म वरपर रातभरि धेरै विस्फोट भएको खबरसमेत प्राप्त भएको थियो ।

विश्वव्यापी तेल तथा ग्यास आपूर्तिका लागि महत्त्वपूर्ण मानिने स्ट्रेट अफ होर्मुज हाल अवरुद्ध अवस्थामा रहेको छ । यसै विषयमा छलफल गर्न इरान र खाडी मुलुकहरूबिच ओमानमा बैठक बस्नुभन्दा एक दिनअघि उक्त घातक घटना भएको हो ।

इरान र अमेरिकाबिच करिब छ महिनादेखि जारी द्वन्द्वमा स्ट्रेट अफ होर्मुजमाथिको नियन्त्रण प्रमुख विवादको विषय बनेको छ । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले गरेको सैन्य कारबाहीपछि जवाफमा इरानले जलसन्धि अवरुद्ध गरेको बताइएको छ । त्यसअघि यो जलमार्गबाट जहाजहरू स्वतन्त्र रूपमा आवतजावत गर्दै आएका थिए ।

इरानले सुरक्षा र सार्वभौमिकताको कारण देखाउँदै होर्मुजबाट आवतजावत गर्ने जहाजले अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको छ । साथै, जहाजबाट सेवा शुल्क लिने संयन्त्रबारे पनि विचार गरिरहेको बताइएको छ । इरानी नियम पालना नगर्ने जहाजहरूलाई आक्रमणको जोखिम हुने गरेको छ भने अमेरिकाले पनि होर्मुजमाथि तेहरानको नियन्त्रणलाई चुनौती दिने उद्देश्यले इरानी तटीय क्षेत्रमा छिटपुट हवाई आक्रमण गर्दै आएको छ ।

## विश्व सङ्क्षेप

### पश्चिम एसियामा तनाव नबढाउन इरान, इराक र टर्कीको आह्वान

तेहरान, २८ भदौ (सिन्ह्वा) । इरान, इराक र टर्कीले पश्चिम एसियामा बढ्दो तनावलाई थप चर्किन नदिन तथा क्षेत्रीय द्वन्द्व फैलिनबाट रोक्नुपर्ने आवश्यकतामा जोड दिएका छन् ।

इरानी विदेश मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिअनुसार, इरानी विदेशमन्त्री सैयद अब्बास अराघचीले शनिबार टर्की र इराकका विदेशमन्त्रीसँग छुट्टाछुट्टै टेलिफोन वार्ता गर्नुभएको थियो ।

टर्कीका विदेशमन्त्री हाकान फिदानसँगको वार्तामा दुवै पक्षले पछिल्ला क्षेत्रीय घटनाक्रमबारे छलफल गर्दै तनाव थप बढ्न नदिन र द्वन्द्व अन्य क्षेत्रमा फैलिनबाट रोक्न आवश्यक कदम चाल्नुपर्नेमा जोड दिए ।

क्षेत्रीय शान्ति र स्थिरता कायम गर्न निरन्तर परामर्श तथा कूटनीतिक प्रयासलाई अघि बढाउने विषयमा पनि उनीहरूबीच सहमति भएको विज्ञप्तिमा उल्लेख छ ।

त्यसैगरी, इराकका विदेशमन्त्री फुवाद हुसेनसँगको टेलिफोन वार्तामा अराघचीले द्विपक्षीय सम्बन्ध, क्षेत्रीय घटनाक्रम र जारी प्रक्रियाबारे छलफल गर्नुभएको थियो ।

दुवै पक्षले साझा सीमा क्षेत्रमा सुरक्षा र स्थिरता कायम राख्न तथा आवश्यक समन्वयलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । साथै, क्षेत्रीय घटनाक्रममा जिम्मेवार दृष्टिकोण अपनाउँदै द्वन्द्व थप चर्किन र फैलिन नदिन संयुक्त प्रयास आवश्यक रहेको बताएका छन् ।

### अफ्रिकामा पहिलो युथ ओलम्पिकका लागि ओलम्पिक ज्योति सेनेगलमा

डाकार, २८ भदौ (एपी) । अफ्रिकामा पहिलोपटक आयोजना हुन लागेको 'युथ ओलम्पिक गेम्स' को काउन्टडाउन सुरु भएसँगै शनिबार सेनेगलको राजधानी डाकारमा ओलम्पिक ज्योतिको भव्य स्वागत गरिएको छ ।

डाकारस्थित 'प्लेस डु सुभेनिर अफ्रिकन'मा सयौँ मानिस भेला भएका थिए । सङ्गीत र नृत्यसहित आयोजित समारोहमा सेनेगलका सय प्रभावशाली महिलाले ओलम्पिक ज्योति बोकेर र्‍याली निकाले । उनीहरूलाई वोलोफ भाषामा रानी वा राजपरिवारका महिलालाई जनाउने शब्द 'लिन्गीर' भनिएको थियो ।

अक्टोबर ३१ देखि नोभेम्बर १३ सम्म हुने प्रतियोगितामा करिब दुई हजार ७०० युवा खेलाडीले डाकार तथा नजिकका डियाम्नियाडियो र सालीमा ३५ खेलमा प्रतिस्पर्धा गर्नेछन् ।

सन् २०१० मा सिङ्गापुरबाट सुरु भएको युथ ओलम्पिक १५ देखि १८ वर्ष उमेर समूहका खेलाडीका लागि आयोजना हुने ओलम्पिकको युवा संस्करण हो । सेनेगलमा आयोजना हुन लागेको यस प्रतियोगिताले अफ्रिकी युवाका लागि नयाँ अवसर र प्रेरणा दिने अपेक्षा गरिएको छ ।

'लिन्गीर' मध्येकी गासिराह डियाग्नेले प्रतियोगिताले अफ्रिकाभरका युवालाई प्रेरित गर्ने बताउनुभयो । "अगाडि बढिरहेको र भविष्यतर्फ हेरिरहेको महादेशलाई विश्वसामु चिनाउन सेनेगल एउटा प्रवेशद्वार मात्र हो", उहाँले भन्नुभयो ।

सेनेगलकी बास्केटबलकी दिग्गज खेलाडी मामे माटी मबेन्गुले समारोहमा ओलम्पिक कल्ड्रन प्रज्वलित गर्नुभयो । अन्तर्राष्ट्रिय ओलम्पिक समितिकी अध्यक्ष किर्स्टी कोभेन्ट्रीले यसलाई सेनेगल र समग्र अफ्रिकाका लागि गर्वको क्षण भएको बताउनुभयो ।

ग्रीसको राजधानी एथेन्सस्थित पानाथेनाइक रङ्गशालाबाट बिहीबार सेनेगललाई हस्तान्तरण गरिएको ओलम्पिक ज्योतिले सोमबारदेखि करिब तीन हजार ६०० किलोमिटर यात्रा गर्नेछ । ४०० भन्दा बढी मशाल-बाहकसँगै यसले सेनेगलका सबै १४ क्षेत्रको भ्रमण गर्नेछ र उद्घाटन समारोहका लागि डाकार फर्कनेछ ।

### इन्डोनेसियामा २४० यात्रु सवार जहाज बेपत्ता, खोजी जारी

जकार्ता, २८ भदौ (सिन्ह्वा) । करिब २४० यात्रु सवार एक इन्डोनेसियाली यात्रुवाहक जहाज जाभा सागरमा सम्पर्कविहीन भएको इन्डोनेसियाली खोज तथा उद्धार अधिकारीहरूले आइतबार जानकारी दिएका छन् ।

दक्षिण कालीमन्तान प्रान्तको खोज तथा उद्धार निकायका अनुसार उक्त जहाज पूर्वी जाभा प्रान्तको सुराबायाबाट दक्षिण कालीमन्तान प्रान्तको बान्जारमासिनतर्फ यात्रा गरिरहेको थियो । यात्राका क्रममा जहाजसँग सम्पर्क टुटेको बताइएको छ । अधिकारीहरूका अनुसार जहाजको अन्तिम ज्ञात अवस्थिति बान्जारमासिनस्थित खोज तथा उद्धार केन्द्रबाट करिब ८० समुद्री माइल टाढा रहेको थियो ।

जहाज सम्पर्कविहीन भएपछि खोज तथा उद्धारका लागि एउटा उद्धार जहाज घटनास्थलतर्फ पठाइएको छ । उद्धार टोलीले सम्पर्कविहीन जहाजको अवस्थिति पत्ता लगाउने तथा त्यसमा सवार यात्रुहरूको खोजी गर्ने प्रयास गरिरहेको जनाइएको छ ।

प्रारम्भिक जानकारीअनुसार सम्पर्क टुट्नुअघि उक्त यात्रुवाहक जहाजले खराब मौसमको सामना गरेको थियो । समुद्री क्षेत्रमा प्रतिकूल मौसमका कारण जहाजको यात्रा प्रभावित भएको हुन सक्ने अधिकारीहरूले बताएका छन् ।

हालसम्म घटनामा कुनै मानवीय क्षति भएको जानकारी प्राप्त नभएको खोज तथा उद्धार अधिकारीहरूले बताएका छन् । यद्यपि, जहाजमा करिब २४० जना सवार रहेकाले उद्धार टोलीले खोजी तथा उद्धार अभियानलाई तीव्र बनाएको छ । इन्डोनेसियाली अधिकारीहरूले जहाजको अवस्थिति र यात्रुहरूको अवस्थाबारे थप जानकारी प्राप्त गर्ने प्रयास जारी राखेका छन् ।

# सरकार प्रतिबद्ध भए खाद्यान्नको आवश्यकता पूरा हुने

✍ विगोल

प्रजातान्त्रिक जनगणतन्त्र कोरियाले शिक्षा र प्राविधिक क्षेत्रमा मात्र होइन कृषिमा पनि परिवर्तन ल्यायो। प्रजगको सरकारले पहिले नै खाद्यमा आत्मनिर्भर बनाउने आधार तयार गरेको थियो। कोरियाली जनताले हरेक वर्ष कृषि उत्पादन बढाउने काम गरे। कृषि उत्पादन बढाउने काममा कृषि कामदार, मजदुर, प्राविधिक, कर्मचारी, जनसेनाका सिपाही, अधिकृत, विद्यार्थी, युवाहरूको महत्त्वपूर्ण योगदान छ। कृषि उत्पादन वृद्धि गर्न कोरियाली सरकारले कृषि कामदारहरूलाई वैज्ञानिक र प्राविधिक ज्ञान दियो। यसको कारण धान उत्पादन बढ्यो। कृषिका लागि भौतिक र प्राविधिक आधार तयार गरियो। कृषि विज्ञान र प्रविधिशास्त्रको ज्ञान नभइकन कृषिलाई उन्नत बनाउन सकिँदैन र उत्पादन बढ्दैन। सरकारले जल नियन्त्रण गर्ने काम गऱ्यो; बालीलाई सुहाउने गरी रासायनिक मल, झार मार्ने र कीरा मार्ने औषधिको विकास गऱ्यो। विज्ञान र प्राविधिक ज्ञान दिन नै कृषि आयोग, प्रान्तीय कृषि अर्थतन्त्र समिति, जिल्ला सहकारी खेत प्रबन्ध समितिको व्यवस्था गरियो।

पूर्वी समुद्र किनारका इलाकामा तुसारो लाग्थ्यो र घाम राम्रो लाग्दैनथ्यो। त्यसबाट हुने नोक्सान रोक्न सिलिकन मल र उचित मात्रामा फोस्फेट मल हाल्ने काम गरियो। कृषि कामदारहरूमा विज्ञान र प्रविधिको ज्ञान बढाउन सहकारी खेतमा कृषि विज्ञान र प्रविधिशास्त्रसम्बन्धी प्रचार कक्ष खोल्ने काम गरियो। विज्ञान र प्रविधिसम्बन्धी विभिन्न पुस्तक र सामग्रीहरूको व्यवस्था गरियो। खेतीका उन्नत अनुभवको आदान-प्रदान मात्र होइन कृषि संस्थानले गरेका वैज्ञानिक प्रयोगसम्बन्धी सामग्री प्रदान गरियो।

समाजवादी कृषि प्रणालीलाई नयाँ चरणमा अघि बढाउन देशमा कृषिमा सिँचाइ र विद्युतीकरणमा ध्यान दिइयो। कृषिमा यान्त्रीकरण गरियो। देशको लागि आवश्यक रासायनिक मल, बीउ र कृषि औषधिको व्यवस्था गरियो। राज्यले सहकारी खेतलाई रासायनिक मल, कृषि औषधि र विभिन्न उत्पादनका साधनहरू वितरण गऱ्यो। कृषिमा सही योजनाको निम्ति चाहिने विविध सामग्रीहरू तयारी गरियो। सहकारी खेतमा राम्रो योजना बनाउन र राम्ररी बाली उब्जाउन प्रत्येक जग्गाको माटो विश्लेषण गरियो। भविष्यमा खेती योजनालाई चाहिने विविध सामग्री तयार गरियो। सबै खेती कार्य सही ढङ्गले गर्न र सहकारी खेतको लागि आवश्यक सामान पूर्ति गरी सहयोग गर्ने काम गरियो।

खेतको उत्पादनको बन्दोबस्त गर्न ग्रामीण क्षेत्रमा पनि प्राविधिक क्रान्ति ल्याइयो। ठीक समयमा, ठीक माटोमा, ठीक बाली लगाउने काममा प्रोत्साहन गरियो। कृषि प्रणालीलाई प्रशासनिक तरिकाले होइन; औद्योगिक तरीकाबाट विकास गर्ने विधि अपनाइयो। हरेक खेतीको काम समयमा गर्नुपर्छ। खेती याममा गरिएन भने उत्पादन घट्छ। समयमा मल राखिएन भने उत्पादन घट्छ। ठीक समयमा, ठीक माटोमा, ठीक बाली लगाउने सिद्धान्त पालना गर्न कर्मचारीतन्त्र त्याग्नुपर्ने हुन्छ। उत्पादनलाई व्यवस्थित गर्न सङ्गठनात्मक निर्देशन पालना गर्नुपर्ने हुन्छ। कृषि उत्पादनमा सङ्गठनात्मक नेतृत्व भन्नुको अर्थ श्रमको राम्रो बन्दोबस्त गर्नु हो; आवश्यक वस्तुको आपूर्ति गर्नु हो; भूमि प्रशासन र जल नियन्त्रणको सुनिश्चित गर्नु हो। नेतृत्ववादी कृषि कामदारहरूले कृषि उत्पादनका सबै एकाइहरूलाई ठीकसित बन्दोबस्त र निर्देशन गरेर श्रमको राम्रो बन्दोबस्त गरेका हुन्छन्। जमिनको संरक्षण र जल नियन्त्रण भएपछि बाली उत्पादन बढ्नेछ।

कोरियाली सरकारले जोड दिएको अर्को पक्ष जग्गाको अझ राम्ररी उपयोग गर्नु हो। खेतीयोग्य जग्गा सीमित भएको तर जनसङ्ख्या वर्षैपिच्छे वृद्धि हुने भएकोले पनि जग्गाको उपयोगिता बढाएर उत्पादन बढाउनुपर्ने हुन्छ। कोरियाली सबै जनतालाई पर्याप्त तरकारी आपूर्ति गर्न तरकारी बालीको पनि व्यवस्था गरियो। त्यसको लागि प्रान्त प्रान्तमा तरकारी खेती गरियो। सुर्ती खेतीलाई पनि वैज्ञानिक ढङ्गले व्यवस्थापन गरियो। सरकारले अन्नबाली लगाउने जग्गा बढाउनुभन्दा धेरै उब्जनी हुने बाली लगाउने क्षेत्र बढाइयो। अन्न कम उब्जनी हुने पहाडी भिरालो जग्गालाई गरामा परिणत गरेर खेती गर्न सहज बनाइयो। भिरालो जग्गालाई उब्जनी योग्य बनाएर राम्रो उत्पादन गरियो।

भूमिको उपयोग गरी राम्ररी खेती गरियो भने उत्पादन बढ्छ र देशको आवश्यकता पूरा गर्न सकिन्छ। खेती राम्रो गर्न नसकेर अरु मुलुकबाट खाद्यान्न आयात गर्ने देशले देशको स्वाधीनताको रक्षा गर्न सक्दैन; आफ्नो भूमिका पनि खेल्न सक्दैन। नेपाल अहिलेसम्म खाद्यान्नमा आत्मनिर्भर नहुनुको कारण खेती गर्ने प्रणाली, उत्पादन बढाउने, भू-उपयोग गर्ने र आवश्यक मल, बीउ, सामग्री उत्पादनमा चासो नराख्नु नै हो। नेपालका शासकहरूले कृषिको उत्पादन बढाउने, कृषकहरूको जीवन स्तर उठाउनेतर्फ पाइला हालेकै छैनन्। सरकार जमिनदार, पुँजीपति, सामन्तको स्वार्थ पूरा गर्न र विदेशीहरूको इसारामा लागिरहेको कारण देशले विकास गर्नसकेन।

प्रजग कोरियाले धेरै समयदेखि अथक मेहनत गरेको कारण खाद्यान्नमा आत्मनिर्भर भएको हो र स्वाधीनताको रक्षा दरोसित गर्न सकेको हो। खाद्यान्नको आवश्यकता पूरा गर्न सरकार अघि सरेकै कारण प्रजग कोरियामा लामो समयदेखि सामान आयात-निर्यातमा साम्राज्यवादी देश संयुक्त राज्य अमेरिकाले रोके पनि खाद्यान्नमा खासै समस्या नभएको हो। अमेरिकाको त्यो प्रतिबन्धले पनि प्रजग कोरियाले देशलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने थप प्रेरणा मिल्यो। यसले देशको स्वाधीनतालाई सुदृढ पार्न र सार्वभौमिकता दरोसित कायम राख्न थप बल पुऱ्यायो।

११ जनवरी १९७९ मा प्रजग कोरियामा राष्ट्रिय कृषि सम्मेलन भएको थियो। उक्त सम्मेलनमा प्रजग कोरियाका महान् नेता किम इल सङले दिनुभएको भाषणलाई नेपाल कोरिया मैत्री सङ्घ काठमाडौँले पुस्तिकाको रूपमा प्रकाशित गरेको थियो। 'हाम्रो समाजवादी कृषिलाई नयाँ चरणमा अघि बढाऔँ' भन्ने पुस्तिका १९७९ मा प्रकाशित भएको थियो। त्यति बेला नै प्रजग कोरियामा कृषि प्रणालीलाई व्यवस्थित गरी खाद्यान्नमा आत्मनिर्भर बनाउने सोचको विकास भएको थियो। सरकार, पार्टी, जनता, सेना, कर्मचारी सबै मिलेमा संसारलाई चिनाउने काम गर्न सकिन्छ भन्ने कुरा प्रजग कोरियाले सिकाएको छ।

# चोथाका दिन नवदुर्गा देवगणको नृत्यनाथमा विशेष पूजा

✍ नारायणमान वनमाला

हरेक वर्ष निरन्तर सञ्चालन हुने सांस्कृतिक तथा ऐतिहासिक नगर भक्तपुरको मानव समाजमा आधारित जीवित देवताको रूपमा पुजिने नवदुर्गा देवगण जात्रा नेपालकै लामो जात्रा हो। यो जात्रा वर्षभरिमा ८ महिना मकुन्डोसहितको विभिन्न तिथिमितिमा हुन्छ भने ४ महिना मकुन्डोबिनाको जात्रा हुन्छ। ऐतिहासिक परम्पराअनुसार हरेक वर्ष मङ्गल चौथीको दिन (चोथा पूजा) मा यो वर्ष भदौ २९ गते सोमबारको दिन नवदुर्गा देवगणहरूको विशेष पूजा तथा सांस्कृतिक कार्यक्रम हुन्छ। सोही क्रममा देवगणहरूबाट बिहानैदेखि आ-आफ्नो घरमा विशेष पूजा तयार गरी मन्दिरमा पूजा सामग्री भित्र्याइने गर्छ।

देवगणहरू आ-आफ्नो देवताको जिम्मेवारी ग्रहण गरी सेतो जामा (घाजि नं) पहिरन गर्दै भ.न.पा. ९ वडास्थित झतापो नासद्यो मन्दिरमा पुग्छन्। नाचको तालिम सिद्ध हुनको लागि सम्पूर्ण देवगणहरू लामबद्ध प्रस्थान गरी नित्य पूजा गर्छन्। कर्मचार्यको तान्त्रिक विधिका साथ बलि चढाएर पूजा सम्पन्न गर्ने चलन छ। नित्यनाथ पूजापश्चात् प्रसाद ग्रहण गरी मन्दिरमा तालिम लिइरहेका देवगणहरूले मकुन्डोबिनाको सेतो जामा (घाजि नं) पहिरन गरी मन्दिरको मूल चोकमा नाच प्रदर्शन गर्छन्। त्यहाँ गणेश, ब्रह्मायणी, महेश्वरी, कुमारी, भद्रकाली, बाराही, महाकाली, भैरव र सिमदुमहरूको पालैपालो नाच प्रस्तुत गरिन्छ। सर्वप्रथम मङ्गल सिद्धि नाच प्रदर्शन हुन्छ। अन्तमा, सम्पूर्ण देवगणहरूको गोसौतानेगु नाच हुन्छ। केही नाच बाजाको तालमा प्रस्तुत हुनेछ। त्यसपछि चोथा पूजाका सामग्रीहरू तयार गर्दै मन्दिरमा चढाउनुपर्ने विशेष पूजाका साथ देवगणका परिवारहरूले चोथा पूजा सम्पन्न गर्ने गर्छन्। दोस्रो दिन सम्पूर्ण देवगणहरू मन्दिरमा भेला गरी विजया दशमीको लागि ब्रह्मायणी पिठमा यज्ञको लागि आवश्यक काठ तयारी गर्न पिपलको दाउरा मन्दिरमा भित्र्याउने परम्परा छ। साँझपख देवगण परिवारको पूजाका साथ प्रसाद ग्रहण गरी दोस्रो दिन सम्पन्न हुन्छ।

घण्टाकर्ण चऱ्हे (गाथा मङ्गल चऱ्हे) पछि नयाँ देवगणहरूले विजया दशमीसम्ममा तालिम प्राप्त गरी आफ्नो जिम्मेवारी निभाउनुपर्ने परम्परा रहेको छ। यस नाचको भाषा, ताल लिपिबद्ध रहेकै कारण सबै विद्या घोकेको हुन्थ्यो र सोहीअनुसार परापूर्व कालदेखि चल्दै



आएको अवस्था छ। हरेक वर्ष यस संस्कृतिलाई निरन्तरता दिन जुसिबजु, चित्रकार, कर्माचार्य, प्रजापति, मानन्धर, साही, शाक्य र उजाजू (वनमाला) जातिहरूको सक्रियता रहेको हुन्छ। जात्रामा संलग्न हुने व्यक्तिहरूको निम्ति कार्य विभाजनबाट यो संस्कृति अगाडि बढेको हुन्छ। जस्तै :

**उजाजु (वनमाला) :** देवगणको भूमिका वर्षभरि नै जिम्मेवारीका साथ जात्रा सञ्चालन गर्ने परिवार मानिन्छ।

**जुसिबजु (ज्योतिष) :** नामकरणको दिनमा उहाँहरूको पुस्ताको आधारमा देवगणहरूको नाम सूची (नामधलं) तयारी गर्ने विशेष जिम्मेवारी हुन्छ।

**पुन्चा (चित्रकार) :** देवगणका सम्पूर्ण मकुन्डोहरू तयार गर्ने विशेष जिम्मेवारी हुन्छ।

**आचाजु (कर्माचार्य) :** देवगण जात्रामा विशेष तान्त्रिक पूजाको जिम्मेवारी हुन्छ।

**हाकुज्या (प्रजापति) :** देवगणको लागि आवश्यक माटाका कलश, माटाका भाँडाकुँडासमेत तयार गर्ने जिम्मेवारी बहन गरिएको हुन्छ।

**सायमी (मानन्धर) :** भ.न.पा. ६ याछेँमा विजया दशमीका दिन मकुन्डो घरमा लिन जाँदा कंह बाजा बजाउने जिम्मेवारी बहन गरिएको हुन्छ।

**जुगिचा :** गाथामग चऱ्हेको दिन जात्राको लागि माहालीं बाजा बजाउने जिम्मेवारी रहेको पाइन्छ।

**नाय्चा (साही) :** विजया दशमीको खमे जात्रा बलि दिने नायोखिङ बाजा बजाउने तथा राँगो बलि दिने काम हुन्छ।

**बारेजु (शाक्य) :** देवगणलाई आवश्यक चाँदीको दृष्टि चढाउने चाँदीका जाँय्घंघला धुलाई गरी देवगणलाई भोजन चढाउने काम गर्ने।

**मुस्याख्व :** खँमे जात्रामा खँमे समाउने साथै खिं बाजा मर्मतको लागि आर्थिक सहयोग गर्ने जिम्मेवारी बहन गर्ने।

**न्हुसुवाल (बेताल) :** विजया दशमीको दिनमा मकुन्डो हस्तान्तरण गर्ने बेलामा देवगणहरूलाई जलपान, (गुचु गुचु) गर्ने जिम्मेवारी निभाउने।

**मगजु :** देवगणहरूलाई आवश्यक कमलको फूल र पात सहयोग गर्ने।

**राज उपाध्याय :** देवगणहरूको बेलविवाह, तिथि मितिको पूजाको लागि सरसल्लाह र सिजानकेगु (अन्तिम भोजन) खुवाउने जिम्मेवारी बहन गर्ने।

अन्तमा, प्रत्यक्ष या अप्रत्यक्ष श्रद्धालु भक्तजनहरूको अपार सहयोगमा यस संस्कृति परापूर्व कालदेखि हालसम्म जात्रा सञ्चालन भइरहेको हो।

***(लेखक नवदुर्गा देवगण जात्रा तथा मन्दिर व्यवस्थापन समितिका सल्लाहकार हुनुहुन्छ।)***

# भोटेकोसी बाढीपछि आमाछोदिङमोमा नाकाबन्दीजस्तै अवस्थामा

भोटेकोसी बाढीपछि आमाछोदिङ्मो गाउँपालिकामा सडक, विद्युत् र नियमित आपूर्ति सेवाबाट बिच्छेद हुँदा नाकाबन्दीजस्तै अवस्थामा पुगेको छ। न सडक छ, न विद्युत्। ठाउँ नै अन्धकार बनेको छ। ड्रोनका कारण वडा नं १ मा राहत ढुवानी गर्न सम्भव भएको छ। धुन्चेबाट अझै टाढा रहेका वडा नं २, ३, ४ र ५ मा भने ड्रोनबाट पनि ढुवानी गर्न सम्भव भएन।

बाढीबाट प्रभावित परिवारलाई हालसम्म एक बोरा मात्र चामल उपलब्ध गराइएको छ। सडक तथा यातायात अवरुद्ध हुँदा अन्य उपभोक्ताले समेत दैनिक उपभोग्य वस्तु अत्यधिक महँगोमा खरिद गर्नुपरेको छ। रु. दुई हजार सात सय पर्ने एक बोरा चामललाई रु. ११ हजारसम्म तिर्नुपरेको छ। महँगीले झन तनाव बढाएको छ।

आमाछोदिङमोको भूगोल आफैँमा चुनौतीपूर्ण छ। गाउँपालिकामा वडा नं १ हाकु, वडा नं २ नेसिङ, वडा नं ३ गत्लाङ, वडा नं ४ गोल्जुङ र वडा नं ५ चिलिमे पर्छन्। सडक र पुल भत्किएका छन्। बाटो पहिरोले पुरिएको छ। कतिपय ठाउँमा उद्धारकर्मीसमेत पुग्न सक्ने अवस्था छैन। यस्तो बेला हेलिकप्टरलाई उद्धार र राहतको मुख्य साधन मानिन्छ। तर, हेलिकप्टर पुग्न नसक्ने ठाउँमा अत्यावश्यक सामग्री पुऱ्याउन अब ड्रोन पनि विपद् व्यवस्थापनको नयाँ सारथी बन्न थालेको छ।

## सडकविहीन बस्तीमा राहतको नयाँ सारथी "ड्रोन"

आजभोलि रसुवा जिल्लाको आमाछोदिङमो गाउँपालिकाको आकाशमा ड्रोन उठिरहन्छ बेलाबेलामा। राहत तथा अन्य अत्यावश्यक सामग्री बोकेर उठेको ड्रोन अकाश फेर्केर हेर्ने मान्छेहरू छक्क पर्छन्। पहिलापहिला मान्छे र घोडा तथा खच्चडले बोक्ने सामग्री आजभोलि ड्रोनले ओसार्दा स्थानीयको नजर त्यसैमा ठक्क अडिन्छ।

यही भदौ १० गते रसुवा भोटेकोसी बाढीले भत्किएका सडक र पुल अनि अन्य संरचनाको भग्नाशेषहरू जमिनमा र त्यही जमिनमाथि राहत बोकेर उक्त स्थानमा ड्रोन उडिरहेको देखिन्छ। बाढीले जमिनको बाटो बन्द गरिदिएपछि यही आकाश अहिले दुर्गम बस्तीका लागि राहतको बाटो बनेको छ। भोटेकोसीको भेलले गाउँपालिकालाई बाहिरी दुनियाँबाट लगभग अलग पारेपछि खाद्यान्न, औषधि र ग्यासको अभाव बढ्दै गयो। भोकसँग जुधिरहेका परिवारका लागि ड्रोनले ओसारेको राहत प्रभावित क्षेत्रका लागि ठूलो सहारा बनेको छ।

पार्वतीकुण्डबाट नामकरण गरिएको यस गाउँपालिकाको पहिचानलाई चिलिमे, सान्जेन र त्रिशुली जलविद्युत् आयोजनाले देशको ऊर्जा विकाससँग जोडेको थियो। हरेक वर्ष हजारौँ नेपाली तथा विदेशी पर्यटक यहाँको प्राकृतिक सौन्दर्य नियाल्न पुग्थे। तर, भदौ १० गते आएको भोटेकोसीको बाढीले त्यो परिचय क्षणभरमै बदलिदियो। जहाँ केही दिनअघिसम्म मानिसको चहलपहल थियो, अहिले त्यही ठाउँ उजाड देखिन्छ। सडक छैनन्। विद्युत् सम्पर्क छैन। दुई सयभन्दा बढी नागरिक बेपत्ता छन्।

एकातिर बाढीले घर, सडक र संरचना बगाएको थियो। अर्कोतिर बाँचेका नागरिकलाई कसरी खाना खुवाउने भन्ने चिन्ताले स्थानीय सरकारलाई सतायो।

सबै सामान हेलिकप्टरबाट ल्याउन सम्भव थिएन। दुर्गम भूगोल, अवरुद्ध सडक र विपद्ले निम्त्याएको कठिन परिस्थितिका कारण अत्यावश्यक सामान गाउँ-गाउँसम्म पुऱ्याउन निकै कठिन भयो। त्यही कठिन घडीमा ड्रोन प्रविधि राहत ढुवानीका लागि सहयोगी प्रविधि बन्यो।

## एकपटकमा करिब ८० केजीसम्म बोक्नसक्ने क्षमता

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव रामबहादुर केसीले धुन्चेबाट हाकुबेँसीसम्म राहत सामग्री पुऱ्याउन चारवटा ड्रोन प्रयोगमा ल्याइएको र ड्रोनले एकपटकमा करिब ८० किलोग्रामसम्म सामग्री बोक्नसक्ने क्षमता राख्ने बताउनुभयो। जहाँ हेलिकप्टरबाट जान सम्भव हुँदैन, त्यहाँ ड्रोनबाट सामग्री पठाउन सहज भएको छ। ड्रोनमार्फत प्रभावित क्षेत्रमा खाद्यान्न, ग्यास, औषधिलगायतका अत्यावश्यक सामग्री पुऱ्याउने काम भइरहेको छ।

ग्यास सिलिन्डर तुलनात्मक रूपमा भारी हुने भएकाले हेलिकप्टरबाट ढुवानी गर्दा पनि कठिनाइ भएकाले ड्रोनको प्रयोगबाट निश्चित परिमाणमा राहत सामग्री पुऱ्याइएको प्राधिकरणको भनाइ छ। सामान्यतया ड्रोनलाई फोटो खिच्ने, निगरानी गर्ने वा विपद्को अवस्थाको दृश्य सङ्कलन गर्ने उपकरणका रूपमा बुझिन्छ तर पछिल्लो समय यसको प्रयोग राहत तथा उद्धारमा पनि विस्तार हुँदै गएको छ।

प्राधिकरणले प्रयोग गरिरहेको ड्रोन भने सामान्य क्यामेरा ड्रोनभन्दा फरक क्षमताको हो। प्राधिकरणका अनुसार विपद्का बेला एकैपटक ठूलो परिमाणमा सामग्री लैजान नसके पनि तत्काल आवश्यक पर्ने सामग्रीलाई चरणबद्ध रूपमा पुऱ्याउन सकिने भएकाले यसको उपयोगिता बढेको हो। ड्रोनका कारण दुवानीको समय बचत गर्नुका साथै मानवीय तथा आर्थिक जोखिमसमेत घटाउने प्राधिकरणको भनाइ छ। ठूलो परिमाणमा राहत सामग्री, घाइते तथा प्रभावित व्यक्तिको उद्धार वा लामो दूरीको ढुवानीका लागि अझै पनि हेलिकप्टर आवश्यक पर्ने प्राधिरकणले जनाएको छ।

विसं २०७२ को गोरखा भूकम्पपछि क्षतिको मूल्याङ्कन, सम्पदा अभिलेखीकरण, पहिरोको नक्साङ्कन तथा पुनर्निर्माणको योजना बनाउन ड्रोनको प्रयोग गरिएको थियो। हिमाल आरोहणका लागि डोरी टाँग्ने (बाटो बनाउने काम) र उच्च आधार शिविरबाट फोहोर ढुवानीमा ड्रोन प्रविधिको प्रयोग गर्न थालिएको छ। पछिल्लो समय ड्रोन प्रविधिले विश्वभर नै सम्भावनाको नयाँ मार्ग देखाएको छ। ड्रोनले खाद्यान्न ढुवानीदेखि लिएर पर्यटन प्रवर्द्धन, एरियल म्यापिङ, सीमा क्षेत्रको निगरानी, वन डढेलो नियन्त्रण, आपत्कालीन उद्धारदेखि एयर एम्बुलेन्ससम्मको काममा उपयोगी बनेको छ।

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – ११५

**मोटरसाइकल सवार व्यक्तिहरूको प्रवेशले भिडलाई उक्साहट**

भदौ २३ गते करिब १२:०० बजेको समयमा चावहिल ओम अस्पताल धोबिखोला करिडोर, गौशालालगायतका विभिन्न क्षेत्रबाट करिब १०० वटा मोटरसाइकलमा बानेश्वर, बिजुलीबजारतिरबाट आएका (त्यसमा केही टीओबी लेखिएको) काला टिसर्ट लगाएका युवाहरूले मोटरसाइकल पड्काउँदै र हो-हल्ला गरी भिडलाई थप उत्तेजित बनाउने कार्य गरेको देखिन्छ। फलस्वरूप भिड झन् उग्र भई प्रहरीलाई धक्कामुक्का गर्दै, पानीका बोतल, ढुङ्गा मुढा, रड, इँट्टा, गुलेली आदिबाट प्रहार गर्दै पश्चिम गेटतर्फबाट सङ्घीय संसद् भवन परिसरभित्र छिर्ने कोसिस गरेको देखिन्छ। प्रहरीले माइकिङ गरी सम्झाउँदा बुझाउँदा नियन्त्रण नभएपछि बल प्रयोग गरेको भन्ने जिल्ला प्रहरी परिसर काठमाडौँका अपरेसन इन्चार्ज प्र.ना.उ. सुन्दर तिवारी र अन्य प्रहरी अधिकारीहरूको भनाइ रहेको छ।

**जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख जिल्ला अधिकारीबाट कर्फ्यु आदेश जारी**

भदौ २३ गते सङ्घीय संसद् भवनको वरिपरिको परिस्थितिलाई मध्यनजर गरी दिउँसो १२:३० बजेबाट राती २२:०० बजेसम्म लागू हुने गरी काठमाडौँका प्रमुख जिल्ला अधिकारीबाट बानेश्वर क्षेत्रमा पहिलो कर्फ्यु आदेश जारी भएको देखिन्छ। (दोस्रो आदेश दिउँसो १३:०० बजे देखि राति २२:०० बजेसम्म शीतल निवास, प्रधानमन्त्री निवास बालुवाटार, सिंहदरबारलगायतका निषेधित क्षेत्र आसपास, तेस्रो आदेश राति २४:०० बजेदेखि भदौ २४ गते बिहान ०५:०० बजेसम्म र चौथो आदेश भदौ २४ गतेकै बिहान ८:३० देखि अर्को आदेश नभएसम्मका लागि जारी भएको थियो। ललितपुर र भक्तपुर जिल्लाका प्र.जि.अ.बाट पनि आ-आफ्नो क्षेत्रमा कर्फ्यु आदेश जारी गरिएको थियो)।

दिउँसो करिब १२:०० बजेको समयमा सङ्घीय संसद् भवनको वरिपरि चारैतिरबाट प्रदर्शनकारीले तोडफोड र आगजनी गर्दै सुरूमा दक्षिण-पूर्व र तत्पश्चात् पश्चिम-दक्षिणतर्फको गेटबाट सङ्घीय संसद् भवनभित्र प्रवेश गरेका थिए। हिंसा फैलिँदै जाँदा नागरिकको जिउ-ज्यान तथा सार्वजनिक, निजी सम्पत्तिमा गम्भीर जोखिम देखिन थालेपछि जिल्ला सुरक्षा समिति, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग र नेपाली सेनासँग छलफल गरी परिस्थितिको गम्भीर समीक्षापश्चात् स्थानीय प्रशासन ऐन, २०२८ को दफा (६क) बमोजिम प्रमुख जिल्ला अधिकारीले अन्तिम विकल्पका रूपमा, समय र क्षेत्र सीमित गरी, चरणबद्ध रूपमा लागू हुने गरी कर्फ्यु आदेश जारी गरिएको भन्ने काठमाडौँ जिल्लाका प्रमुख जिल्ला अधिकारीको भनाइ रहेको छ।

भदौ २३ गते संसद् भवन परिसर वरपर रहेका प्रत्यक्षदर्शीका अनुसार कर्फ्युको आदेश जारी गर्नुअघि र कर्फ्यु जारी भएपश्चात् भिडलाई सम्झाई बुझाई गर्ने तथा चेतावनी दिने उद्देश्यले नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले संयुक्त रूपमा मेगाफोनमार्फत भिड नियन्त्रण गर्न सानो हाते माइकले ठुलो जमातलाई सूचना दिन खोजिरहेको देखिन्छ। तर, त्यो प्रभावकारी भएन। उक्त प्रदर्शनमा आएका धेरैजसो युवा प्रदर्शनकारीहरू त जीवनमै पहिलो पटक प्रदर्शनमा आएका थिए र कर्फ्यु भनेको के हो भन्नेसमेत जानकारी नभएका थिए।

भदौ २३ गते दिउँसो १२:३० बजेदेखि कर्फ्यु आदेश जारी भएको भए तापनि ठुलो सङ्ख्यामा रहेका अराजक भिडबाट आदेशको अवज्ञा भएको थियो। सङ्घीय संसद् भवन परिसर अगाडि प्रदर्शनकारीहरूमध्ये धेरैले माइकको आवाज सुनिरहेका थिएनन् किनकि ठुलो भिडमा हाते माइकको प्रयोग प्रभावकारी हुन सकेको थिएन। जसका कारण दिउँसो मध्याह्नमा लागेको कर्फ्यु आदेशको जानकारी थोरै व्यक्तिलाई मात्र भएको थियो। फलस्वरूप कर्फ्यु आदेश जारी भएपछि नयाँ बानेश्वर चोक र सङ्घीय संसद् भवन परिसर वरपर भएका धेरै प्रदर्शनकारीहरू कर्फ्युपछिको अवस्थाबारे अनभिज्ञ भई हताहतको सङ्ख्या बढ्ने कारणमध्ये कर्फ्युबारे जानकारी दिन हातेमाइक प्रभावकारी नहुनु पनि एक प्रमुख कारण थियो।

कर्फ्यु आदेश करिब १२:३० बजेतिर लागेपछि पनि स्थिति शान्त हुन सकेन। ढुङ्गा र बोतलले प्रहार गर्दै अश्लील शब्द प्रयोग गरी भिडमा आएका केही प्रदर्शनकारीहरूले प्रहरीमाथि आक्रमण गरिरहेका थिए। प्रदर्शनकारीलाई लक्षित गरी हानिएको अश्रुग्यास उल्टाएर प्रहरीतर्फ फर्काइएको, अत्यधिक सङ्ख्याका प्रदर्शनकारी एकैपटक आक्रामकरूपमा प्रस्तुत भएको भन्ने व्यहोराको प्रहरी वृत्त कालिमाटी कार्यालयका प्रमुख प्र.ना.उ. मधुकुमार थापा, प्र.ब.ना.नि. ज्ञानप्रसाद पराजुली र प्र.ज. चुमानसिंह धामीको भनाइ रहेको छ।

फिल्ड कमान्डरहरूका भनाइमा पटक-पटक माइकिङ तथा चेतावनी दिँदै भिड शान्त नभएपछि न्यूनतम बल प्रयोगको सिद्धान्तअनुरूप संसद् भवन नजिक हवाई फायर गरिएको थियो। हजारौँको सङ्ख्यामा प्रदर्शनकारीले संवेदनशील संरचनामा प्रवेश गर्ने अवस्था देखिएपछि कमान्डरका हैसियतले त्यही स्थानमा खटिन आएका स.प्र.उ. जीवन के.सी.सँग प्रत्यक्ष अनुमति लिएर ६ राउन्ड एसएलआरबाट हवाई फायर गरिएको थियो भन्ने स.प्र.ना.उ.सुमन चालिसेको भनाइ रहेको छ।

उक्त दिन भएको प्रदर्शनका क्रममा धातुको गोली ५२ राउन्ड, रबर गोली ४१७ राउन्ड, ११७ ब्ल्याङ्क राउन्ड र ग्यास सेल १०१७ राउन्ड प्रहार भएको प्रतिवेदन नेपाल प्रहरीलाई प्राप्त भएको उपत्यका प्रहरी कार्यालय रानीपोखरीका निमित्त कार्यालय प्रमुख प्र.ना.म.नि. ओमबहादुर रानाको भनाई रहेको छ। उक्त दिन भदौ २३ गते सुरूमा करीब ३५०० र पछि ५०० थप गरी ४००० प्रहरी जनशक्ति काठमाडौँ उपत्यकाभरि परिचालन गरिएको थियो तर नयाँ बानेश्वर क्षेत्रमा कति जना खटाइएका थिए भन्ने यकिन छैन।

*नेपालका...*

प्रम शाहले स्थानीय जनप्रतिनिधि र गैरसरकारी संस्थाहरूलाई पनि क्रूद्ध बनाए। सबै चन्दा वा अनुदान आफ्नो नियन्त्रणमा रहने पोर्टलबाट दिइनुपर्ने भनी अडान लिएपछि उनी आलोचनाको तारो बने। 'सम्भावित आर्थिक ठगी' हुन नदिन उनले त्यो उपाय लगाएको भनियो।

त्यसयता पनि प्रम बालेनले जनआक्रोश चर्काउन छोडेका छैनन्। लेदोले पुरिएका मानिसहरूलाई सहयोग गर्न धेरै काम गर्न नसकिने भनेपछि उनीमाथि आलोचनाको वर्षा भयो। सेप्टेम्बर ३ को दिन उनले उद्घोष गरे, "यस्तो परिस्थितिको सामना गर्ने विज्ञता कुनै पनि देशसँग छैन।... तत्काल प्रयोग गर्न सकिने प्रविधि कही पनि छैन।" विज्ञहरूले तत्कालै उनको यस वक्तव्यको खण्डन गरे।

सुरुङमा उद्धारकार्यमा लागेका एक इन्जिनियरले भने, "प्रधानमन्त्रीको कुरा सरासर झूट हो। लेदो भरिएको सुरुङबाट मान्छे उद्धार गर्ने तरिका विश्वभरि उस्तै हुन्छ। त्यसैले विज्ञ र प्रविधि दुवै छन्।"

अर्का विज्ञको प्रतिक्रिया अझ कडा छ। सुभाषचन्द्र बराल नेपाल इन्जिनियर्स एसोसियसनका निर्देशक हुन्। उनले प्रधानमन्त्री शाहले 'गैरजिम्मेवार' भाष्य बनाएको आरोप लगाए। स्थिति छर्लङ्ग भएको बताउँदै उनले भने, "सरकारलाई कसरी उद्धार गर्ने भन्ने थाहा थिएन। त्यसैले पूर्वतयारी गर्न सकेनन्। गल्ती गरे। अहिले दोषजति अरूलाई दिँदै छन्।"

जनआक्रोश खेप्ने लहरमा प्रधानमन्त्री मात्र छैनन्। गृहमन्त्री सुदन गुरुङ आफै सुरुङ उद्धारमा खटिएर समाचारका हेडलाइनमा छाएका छन्। उनको शैली पनि आशङ्काको घेरामा परेको छ। कतिपयले उद्धारकार्यमा उनको व्यक्तिगत संलग्नतालाई प्रतीकको रूपमा हेरे। तर, आलोचकहरूले छिट्टै स्थितिको मर्म समाते। उनको जिम्मेवारी समग्र सरकारी संयन्त्रलाई निर्देश गर्नु हो, आफै मसिना काममा अल्झिनु होइन। 'द स्टेट्समेन' पत्रिकाले लेख्यो, "सुदन गुरुङ नेपालका गृहमन्त्री हुन्, सुरुङमा पस्ने उद्धारकर्ता होइनन्।"

त्यसैगरी नेपालकै 'अनलाइन खबर' ले सोध्यो, "गृहमन्त्री नै उद्धारकर्ता बनेपछि विपद् व्यवस्थापन कसले गर्छ?"

गृहमन्त्री गुरुङले इन्स्टाग्राम पेजबाट आफ्नो निजी गैरसरकारी संस्था 'हामी नेपाल' को खातामा चन्दा दिन आग्रह गरेपछि पर्यवेक्षकहरू अचम्मित भए। गुरुङ संलग्न सरकारले नै गैरसरकारी निकायबाट नभई सरकारी कोषमार्फत चन्दा दिनुपर्ने भनिरहेको बेला उनको आग्रह अमिल्दो थियो। पछि सामाजिक सञ्जालबाट उनको पोस्ट हटाइएको थियो।

कहालिलाग्दो विपत्तिबिच सांसद सागर ढकालले आफ्नो व्यवहारका कारण जनआक्रोश झेल्नुपर्‍यो। उद्धार कार्यका लागि दौडादौड गरिरहेको हेलिकप्टर प्रयोग गरी विपद्ग्रस्त क्षेत्रमा घुम्न निस्केको हुनाले ढकाल सामाजिक सञ्जालमा आलोचित भए। विपदग्रस्त क्षेत्रलाई पर्यटन स्थल बनाएको भन्दै नेपाली मिडियामा आलोचना खेपिरहेका चार रास्वपा सांसदमध्ये एक हुन् ढकाल।

ढकालले पोस्ट गरेका अनगिन्ती सेल्फीहरू देखेर जनता आक्रोशित बनेका थिए। आक्रोश कति ठुलो थियो भने रास्वपा अध्यक्ष रवि लामिछाने आफै मुख खोल्न बाध्य भएका थिए। उनले औपचारिक रूपमै आफ्ना सहकर्मीहरूलाई 'विपद् पर्यटन' बन्द गर्न आह्वान गरेका थिए। उनले एक निजी छलफलमा पार्टीका नेताहरूसँग यस्तो आग्रह गरेको पार्टीका प्रवक्ताले पछि बताएका थिए। ती प्रवक्ताले भने, "हाम्रो काम प्रभावित समुदायहरूलाई राहत प्रदान गर्नु हो, उनीहरूमाथि बोझ बन्नु होइन।"

तर, लामिछाने आफै पनि आफ्नो उदासिनताका कारण उपहासको पात्र बनेका छन्। विपत्ति गएको चार दिनपछि मात्र उनले प्रभावित क्षेत्रका विषयमा स्थानीय नेताहरूसँग छलफल थालेका थिए।

प्रश्न उठ्यो - सामाजिक सञ्जालमा यति धेरै समय व्यतीत गर्ने सरकार कसरी आफ्नै निर्वाचन क्षेत्रहरूबाट सम्पर्कविहीन रहन सक्छ? यो कुरा बुझ्न हामीले रास्वपाको इतिहास केलाउनुपर्ने हुन्छ।

***(किट क्लारेनबर्ग खोजपत्रकार हुन्। उनी 'मिन्टप्रेस न्युज' मा कार्यरत छन्। राजनीति र दृष्टिकोण निर्माणमा गुप्तचर निकायहरूले खेल्ने भूमिकाको विषयमा उनको विशेष रुचि छ। उनका लेख-रचना 'द क्रेडल', 'डिक्लासिफाइड युके' र 'ग्रेजोन' मा पढ्न पाइन्छ। स्रोत : द ग्रेजोन डट कम। सम्यक)***


**थालाछैं बचत तथा ऋण सहकारी संस्था लि.**

थालाछैं, भक्तपुर-१०, फोन नं.: ०१-६६१६५८०

**१९औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको १९औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

**छलफलका विषयहरु :**

- आ.व. २०८२।८३ को वार्षिक प्रगति प्रतिवेदन तथा आ.व. २०८३।८४ को भावी कार्यक्रमहरू पारित गर्ने।
- आ.व. २०८२।८३ को आर्थिक प्रतिवेदन तथा आ.व.२०८३।८४ को अनुमानित बजेट पारित गर्ने।
- आ.व. २०८२।८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन पारित गर्ने।
- आ.व. २०८२।८३ को लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने।
- आ.व. २०८२।८३ मा सञ्चालक समितिबाट संस्था सञ्चालनमा गरेका विभिन्न नीतिगत, प्रशासनिकलगायत निर्णयहरू अनुमोदन गर्ने।
- आ.व. २०८३।८४ को लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने।
- आ.व. २०८२।८३ को लाभांश प्रस्ताव पारित गर्ने।
- आ.व. २०८२।८३ को संरक्षित पुँजी फिर्ता कोष प्रस्ताव पारित गर्ने।
- १९औं साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधिहरूको चयन गर्ने।
- विविध।

**कार्यक्रम :**

**मिति** : २०८३ असोज २५ गते, आइतबार
**समय** : बिहान १०:३० बजे
**स्थान** : कमलविनायक बैङ्क्वेट, कमलविनायक-१०, भक्तपुर

**पुनश्च :**

- मिति २०८३ असोज २१ गतेसम्म सदस्य बन्ने महानुभावहरूलाई समेत साधारणसभामा प्रदान गरिने सुविधा उपलब्ध गराइनेछ।
- साधारणसभामा प्रदान गरिने सुविधाको लागि फोटोसहितको बचतको पासबुकका साथ सदस्य स्वयम् उपस्थित हुनुपर्नेछ।
- भाखा नाघेका ऋणी, ६ महिनाभन्दा बढी समयसम्म ब्याज, नियमित तथा विद्यार्थी बचत बुझाउन बाँकी सदस्यहरूलाई साधारणसभाको सुविधा प्रदान नगरिने हुनाले यथासक्य चाँडो संस्थामा सम्पर्क गर्न सूचित गरिन्छ।
- २०८३ सालमा SEE उत्तीर्ण हुनुभएका यस संस्थाका सदस्य महानुभावहरूले आफ्ना छोराछोरीहरूको SEE को Grade Sheet र Character Certificate को प्रतिलिपि १/१ प्रति संस्थामा २०८३ असोज २१ गतेसम्ममा बुझाउनुहुन अनुरोध गर्दछौं।
- कारणवस साधारणसभाको पत्र प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित हुनसमेत अनुरोध गर्दछ।

**सञ्चालक समिति**



**प्रविधिको प्रयोग व्यवस्थित गरौं**

- प्रविधिको प्रयोगलाई आवश्यक र उद्देश्यपूर्ण बनाऔं,
- परिवार र साथीभाइसँग प्रत्यक्ष संवाद र समय बिताउने बानी बसालौं,
- सामाजिक सञ्जालको जिम्मेवारीपूर्ण र मर्यादित प्रयोग गरौं,
- पारिवारिक र सामाजिक सम्बन्धलाई प्राथमिकता दिऔं,
- डिजिटल उपकरणको अत्यधिक प्रयोगबाट हुने नकारात्मक असरप्रति सचेत बनौं,
- बालबालिकालाई सुरक्षित, सन्तुलित र सिर्जनात्मक प्रविधि प्रयोगमा अभिप्रेरित गरौं,
- व्यक्तिगत गोपनीयता र साइबर सुरक्षामा विशेष ध्यान दिऔं,
- प्रविधिलाई मानव सम्बन्ध, शिक्षा, सेवा र विकासको सशक्त माध्यमका रूपमा प्रयोग गरौं।

प्रविधिको सही प्रयोग गरौं, मानविय सम्बन्ध बलियो बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**तलेजु बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा.-३, कोलाछैं, भक्तपुर, फोन नं.: ०१-६६१९१२७

**१९औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

मिति २०८३/०५/२८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १९औं वार्षिक साधारणसभा तपसिलको समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछ।

**कार्यक्रम**

**मिति** : २०८३/०६/१८ गते, आइतबार
**स्थान** : श्री अजिमा पार्टी महल (बाराहीस्थान)

**अनुरोधक**
**सञ्चालक समिति**


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा